का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ जेठ २०८२,
आइतबार
8 June, 2025
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्न






# कानुन छल्दै मिश्र–राणा

## हाजिरी जमानीमा छुटेर 'फरार'



*मुलुकी फौजदारी संहिता-२०७४ को दफा १५ अनुसार, जमानीमा छुटेका व्यक्ति सम्पर्कमा नआए हाजिर जमानी दिने व्यक्तिलाई ५० हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ*



हाजिरी जमानीमा छाडिएका मिश्र र राणामाथि मुद्दा दायर भएर अदालती प्रक्रिया अघि बढ्दा समेत जमानी बुझ्नेहरूले उनीहरूलाई बुझाउन नसकेपछि दुवै प्रतिवादीका वकिललाई ५०/५० हजार रुपैयाँका दरले जरिवाना तिराएका हौं

**अपिलराज बोहरा**
प्रहरी प्रवक्ता
जिल्ला प्रहरी परिसर, काठमाडौं

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

१५ चैतमा राजावादीका नाममा भएको प्रदर्शनलाई हिंसात्मक बनाएर दुर्घटना निम्त्याएको आरोपमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरिएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणा सम्पर्कविहीन छन् । अदालतमा मुद्दा दर्तापछि सम्पर्क हुने सर्तमा छुटेका उनीहरू पार्टीका कार्यक्रममा सहभागी भएपनि कानूनी प्रक्रियामा भने सम्पर्कविहीन भएका हुन् ।

१५ जेठमा राप्रपाले गरेको आन्दोलनमा नदेखिएका उनीहरू पार्टीको आन्तरिक बैठक र आन्दोलन तयारी सम्बन्धमा हुने जमघटमा सहभागि हुँदै आएका छन् ।

सरकारी वकिल कार्यालय काठमाडौंले मिश्र र राणासहित ६५ जनाविरूद्ध राज्यविरूद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराध कसुरमा मुद्दा दायर गरेको छ । त्यसमा ४ जना बालकसमेत प्रतिवादी छन् । यो मुद्दामा अहिले अदालतमा थुनछेक बहस भइरहेको छ । न्यायाधीश ध्रुवराज कार्कीको इजलासमा ३९ जनाको सुनुवाइ भइरहेको जिल्ला अदालत काठमाडौंका श्रेश्तेदार तीर्थ भट्टराइले जानकारी दिए । त्यसमध्ये मिश्र र राणासहित ११ जना 'फरार' छन् । पूर्वपञ्च नवराज सुवेदी >>> पृष्ठ २ मा

# ओली–भण्डारी दौडधुप

## आफू राजनीतिमा सक्रिय नै रहेको सन्देश दिन पूर्वराष्ट्रपति भण्डारी देश दौडाहामा छन्





*शनिबार कोशी प्रदेशमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी ।*

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २४ जेठ

काठमाडौं नेकपा एमालेभित्र शक्ति संघर्ष चलिरहेका बेला अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी अहिले पूर्वमा भइरहेका कार्यक्रमहरुमा एक साथ व्यस्त छन् ।

एमालेभित्र अध्यक्ष ओलीको रापताप चलिरहँदा पूर्वराष्ट्रपति भण्डारीको 'सक्रियता'लाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

पार्टीको आगामी महाधिवेशनपछि नेतृत्वमा ओलीको निरन्तरता या भण्डारीको आगमन भन्नेमा बहस एमालेको केन्द्रमा मात्र होइन, तल्लो तहसम्मै पुगेको छ ।

बिहीबार विराटनगर ओर्लिएकी भण्डारी मोरङका पार्टी कार्यकर्ता भेटघाट र कार्यक्रममा व्यस्त रहिन् । शुक्रबार पालिकाका उपप्रमुख-उपाध्यक्षहरूको राष्ट्रिय भेलालाई विराटनगरमा उनले उद्घाटन गरिन् । भण्डारीले शनिबार झापाको विर्तामोडको देवी माविमा कोशी प्रदेशस्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन गरिन् । यो प्रदर्शनी एमालेको विज्ञान तथा प्रविधि विभागले आयोजना गरेको हो ।

आफू राजनीतिमा सक्रिय नै रहेको सन्देश दिन भण्डारी यतिखेर विभिन्न जिल्ला पुगिरहेकी छिन् ।

यता, प्रधामनन्त्री ओली शनिबार विराटनगर पुगे । उनी मोरङको कटहरी गाउँपालिका-२ मा निर्माण भएको जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेसन फाउन्डेसनको उद्घाटन गरेका छन् ।

ओली-भण्डारीको पछिल्लो पूर्व-दौडाहाले एमालेभित्र र बाहिर पनि नयाँ राजनीतिक संकेतको चर्चा चल्न थालेको छ । दुवै नेताले आ-आफ्नो कार्यतालिकामा पूर्वका दुई जिल्लामा सक्रियता बढाएका छन् ।

राजनीतिमा आफ्नो सक्रियताको विषयमा पूर्वराष्ट्रपति भण्डारीले विराटनगरमा >>> पृष्ठ २ मा

### भण्डारीको 'वार्म अप'

२० फागुन २०७९ मा राष्ट्रपतिको दुई कार्यकाल पूरा गरी बिदा भएपछि उनी एमालेका सार्वजनिक मञ्चमा क्रमशः देखिन थालिएकी हुन् । उनी एमालेको अध्यक्ष बन्ने गरी राजनीतिमा आउन चाहेको संकेत स्पष्ट रूपमा त दिएकी छैनन् । तर, उनी निकटस्थहरूका अनुसार पार्टीको आगामी महाधिवेशनसम्ममा उनी सर्वसम्मत् हुने अवस्था बनाउने कसरत सुरु भएको छ । हालै चीनको १० दिने भ्रमण गरी फर्केकी भण्डारीलाई चिनियाँ नेताहरूले वाम >>> पृष्ठ २ मा

# गोपनीयताको अधिकार खोस्दै सरकार

## व्यक्तिगत विवरण लिन अदालतको अनुमति नचाहिने व्यवस्था प्रस्ताव

मोवाइल वा टेलिफोनको कल डिटेल, कल लोकेशन, लगायत विवरण अनुसन्धान अधिकारीले अदालतको अनुमति बिना नै प्राप्त गर्नेगरी प्रस्ताव तयार पारिएको हो । जो व्यक्तिको गोपनीयताको हकसँग प्रत्यक्ष जोडिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।



सरकारले गोपनीयताको हक थप संकुचित गर्ने प्रयास गरेको छ । यसनिम्ति मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गर्न लागिएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा नागरिकको गोपनीयतासँग जोडिएका व्यक्तिगत विवरण लिन अदालतको अनुमति आवश्यक नपर्ने कानुनी व्यवस्था प्रस्तावित छ ।

प्रस्तावित विधेयकको दफा १५ मा यस्तो प्रावधान राखिएको छ । जहाँ भनिएको छ, 'कुनै कसूरको अनुसन्धानको सिलसिलामा दुरसञ्चार सेवा प्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले दुरसञ्चार सेवा प्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्नेछ ।' >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विदेश जाने कामदारलाई नेपालकै विमानस्थल प्रयोग गर्न विभागको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं २४ जेठ ।

वैदेशिक रोजगार विभागले रोजगारीका लागि उड्नु अघि श्रम स्वीकृति यकिन गरेर नेपालको विमानस्थलबाट श्रम गन्तव्यमा जान आग्रह गरेको छ । विभागका प्रवक्ता चन्द्र बहादुर शिवाकोटीले प्रेस विज्ञप्ति जारी गरी हालैका दिनहरूमा नेपाली श्रमिकहरू श्रम स्वीकृति (वर्क परमिट) नलिई भारतको विमानस्थल प्रयोग गरी वैदेशिक रोजगारिको लागि विभिन्न देश गई रहेको भन्ने विषय सार्वजनिक भइरहेको र त्यसले जोखिम बढाएको बताएका छन् ।

श्रम स्वीकृति बिना वैदेशिक रोजगारमा जानेहरू शरीर बन्धक, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको जोखिममा पर्न सक्ने प्रवक्ता शिवाकोटी बताउँछन् । वैदेशिक रोजगारीमा जानका लागि नेपाल सरकारले खुल्ला गरेका मुलुकको हकमा वैदेशिक रोजगार विभागको स्वीकृती लिई नेपालकै विमानस्थल प्रयोग गरी जान सकिने व्यवस्था गरेको तर कानुनको अवज्ञा गर्दै श्रम स्वीकृति नै नलिई, नक्कली श्रम स्वीकृति देखाइ अर्को मुलुकको विमानस्थल प्रयोग गरी जाने कार्य नरोकिएको भन्ने विषय व्यापक सुनिन थालेको शिवाकोटीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

विभागले वैदेशिक रोजगार ऐन २०६४ ले तोके बमोजिम अन्तिम श्रम स्वीकृति लिए/नलिएको विषयमा वैदेशिक रोजगार विभागको वेवसाइटमा गइ आफ्नो विवरण यकिन गर्न सकिनेपनि स्मरण गराएको छ । गैरकानूनी रूपमा जाने वा पठाउने काम गरे/गराएमा कानून बमोजिम कारवाही गरिने विभागको भनाइ छ ।

गत शुक्रबार १० जना नेपाली पक्राउ परेपछि भारतीय सुरक्षाकर्मीहरूले आफ्ना देशका विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा जाने नेपाली कामदारमाथि कडिकडाउ शुरू गरेको >>> पृष्ठ २ मा

### कुवेतमा श्रम निगरानी कडा

**काठमाडौं/मस**–कुवेतले सबै क्षेत्रबाट विदेशी कामदारको भिसा शुल्क लिँदै श्रम निगरानी कडा बनाएको छ । कुवेतले गत वर्ष आप्रवासी कामदारलाई दिएको सुविधा कटौती गरेर १५० केडी ( कुवेती दिनार ) शुल्क लागू गर्दै भिसा स्थानान्तरणमा लामो समयदेखि रहेको शुल्क छुट खारेज गरेको हो ।

कुवेतका प्रथम उपप्रधानमन्त्री तथा आन्तरिकमन्त्री शेख फहद अल युसेफले बिहीबार घोषणा गरेको मन्त्रिस्तरीय प्रस्ताव अन्तर्गत सरकारले गत वर्ष जारी गरेको नियमहरूको धारा २ खारेज गरेको छ । विगतमा केही क्षेत्रहरूलाई विदेशी कामदर आवश्यकताहरूको आधारमा अतिरिक्त अनुमति शुल्क नलाग्ने व्यवस्था गरेको थियो ।

अन्तर्राष्ट्रिय समाचार संस्था एपीएफले भिसा शुल्क लिन गरिएका परिवर्तनहरूले कुवेतको वर्क पर्मिट दृष्टिकोणमा नै महत्त्वपूर्ण परिवर्तन भएको जनाएको छ । परिवर्तन गरिएको नयाँ व्यवस्था स्वास्थ्य मन्त्रालयद्वारा इजाजतपत्र प्राप्त अस्पताल, क्लिनिक र स्वास्थ्य केन्द्रहरू, निजी >>> पृष्ठ २ मा

मलेसियामा सेक्युरिटी गार्डहरूलाई रोजगारको अवसर

कम्पनी: SIGMA SECURITY SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०२/१४ — चलानी नं.: ६०२३८६६४ — L.T. No.: 324720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 185 | 0 | स. काममा दक्ष | 1700 | ५४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ असार ३ र ५ गते (17 & 19 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता बिश्राम खाजा घर पोखरामा २०८२ असार ४ गते (18 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DK RIVER OVERSEAS (P.) LTD. — Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132

युएईमा रोजगार

कम्पनी: DISCOVERY EMPLOYMENT LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ — चलानी नं.: ६०२३९२४६ — LT. No.:325270

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter/ Construction Carpenter | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason/Brick Mason/Concrete Mason | 25 | 0 | | 1400 | ५२,२०६ | | | | | | | |
| 3. | S/Carpenter & Steel Fixer | 25 | 0 | | 1400 | ५२,२०६ | | | | | | | |
| 4. | Building Labour | 75 | 0 | | 1000 | ३७,२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार १ देखि ६ गते सम्म (15 to 20 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Winner H.R. Solution Pvt.Ltd. — Gov Lic 1537/078/079
Chakrapath Bhatbhateni Opposite Side of Indreni foodland
Tel: 01-5911104, 9808182308, 9845398895, 9841991638, 9851026746.
Email: winnerhrsolution2078@gmail.com, grghema128@gmail.com

# जनताको सेवामा संवेदनशील हुन परराष्ट्रमन्त्रीको आग्रह

**काठमाडौं /मस**–परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले जनताका आवश्यकता र प्रत्यक्ष खाँचोसँग जेडिएका सेवा प्रदान गर्ने काममा राष्ट्र सेवकहरु संवेदनशील र जिम्मेवार बन्नुपर्ने बताएकी छन् ।

राहदानी विभागद्वारा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा राहादानी सेवामा कार्यरत कर्मचारीहरुका लागि धनगढीमा आयोजित अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो धारणा राखेकी हुन् । उनले भनिन् ‘राहदानी अब नागरिकको कुनै विलासिताको बस्तु नभएर प्रत्येक नागरिकको आधारभूत अधिकार भएको छ । त्यसैले यो सेवा दिने कार्यालयको ‘फ्रन्ट डेस्क’ मा बस्ने यहाँहरु सबैभन्दा जिम्मेवार व्यक्ति हुनुहुन्छ । सेवाको आवश्यकता र जनताका खाँचोलाई हेरेर गम्भीर भइदिनु होला ।’



उनले यस्तो संवेदनशील सेवा दिने ठाउँमा बसेका कर्मचारीहरुले नागरिकका समस्या र आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने र के कसरी उनीहरुलाई छिटोछरितो र सहज सेवा दिन सकिन्छ भनेर सोच्नुपर्ने सुझाव दिइन् ।

अझ सुदूरपश्चिम तथा यस्तै दुर्गम जिल्लामा दिइने सेवालाई त झन् कसरी सहज र नागरिकको पहुँचयोग्य बनाउने भन्ने बारेमा सरकार प्रयत्नशील रहेको मन्त्री डा. राणाले बताइन् ।

उनले भनिन्, ‘राहादानी लिनका लागि पहिलेजस्तो जटिल अवस्था अहिले छैन । तर पनि सेवा प्रदान गर्ने समय र वितरणका क्रममा केही समस्या आउने गरेका मैले सुनेकी छु । सरकारी सेवा जतिसक्दो चाँडै पाइयोस् भन्ने अपेक्षा जनताले राख्नु स्वाभाविकै हो । यसै बमोजिम सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउनु सरकारको कर्तव्य हो र यसका लागि यहाँहरुकै भूमिका बढी रहन्छ ।’

मन्त्री डा.राणाले राहादानी सम्बन्धी वर्तमान सेवालाई दुर्गम जिल्लाहरुका नागरिकलाई अझ सहज र पहुँचयोग्य कसरी बनाउने भनेर सरकारलाई सुझाव दिन आग्रह गरिन् । उनले भनिन्, ‘ पासपोर्टमा जनतालाई परेका समस्या र त्यसमा गर्न सकिने सुधारका लागि यहाँहरुले सरकारलाई सुझाव दिन सक्नुहुनेछ । त्यसमा सरकारले समयानुकुलु सुधार गर्दै लैजानेछ ।’

# ‘सीपसहितको सक्षम जनशक्ति उत्पादनमा विद्यालयले ध्यान दिनुपर्छ’

**काठमाडौं /मस**– उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहले विद्यालयहरूले सीपसहितको सक्षम जनशक्ति उत्पनदनमा ध्यान दिनुपर्ने बताएका छन् । श्री रत्नराज्य माध्यमिक विद्यालय, नयाँ बानेश्वर काठमाडौं ६४औं वार्षिकोत्सब तथा सम्मान, प्रमाणपत्र र पुरस्कार वितरण समारोहमा बोल्दै उनले अहिले शैक्षिक बेरोजगारको संख्या धेरै भएकोमा चिन्ता व्यक्त गर्दै अब सीपसहितको शिक्षा हुनुपर्ने धारणा राखे ।



विद्यलयबाट शैक्षिक बेरोजगार बेरोजगार उत्पादन गर्ने क्रम रोक्नुपर्नेमा जोड दिँदै सिंहले भने,‘शैक्षिक प्रमाणपत्रसँगै सीपको प्रमाणपत्र दिएर विद्यार्थीले चाहेको लक्ष्यमा पुग्न सक्ने सक्षम बनाउनेतर्फ अब विद्यालयहरूले ध्यान दिनुपर्छ ।’ आफ्नै निर्वाचन क्षेत्र काठमाडौं १ मा पर्ने यस विद्यालयको भौतिक विकासमा जनप्रतिनिधिका रूपमा आफूसहितका जनप्रतिनिधिले भूमिका खेलेको स्मरण गरे । उनले विद्यालयले ६४ वर्षको इतिहासमा पुर्याएको योगदान प्रसंशनीय रहेको बताए ।

त्यस्तै उपप्रधानमन्त्री सिंहले असल जनप्रतिनिधि छाने राम्रो काम हुन्छ भन्ने उदाहरण काठमाडौं १ भएको पनि बताए । ०६४ अघि र अहिलेको अवस्था तुलना गर्न आग्रह गर्दै क्षेत्रमा विकासले गति लिएको दाबी गरे । झण्डा फर्फराउन । सांसद हुन जनप्रतिनिध बनेका होइनौं । देश र समाजको, देशको, जनताको सेवा गर्न राजनीतिमा लागेका हौं,’ उपप्रधानमन्त्री सिंहले भने, ‘ त्यसैले जनप्रतिनिधिले आफ्नो निर्वाचन क्षेत्रमा शिक्षा,स्वास्थ्य,खानेपानी र अन्य पूर्वाधार विकाससँगै कुनै समस्या परेको बेलामा समाधानका लागि पहल गर्नुपर्छ ।’

उपप्रधानमन्त्री सिंहले कमजोरीको गित गाएर मात्रै नहुने भन्दै कमजोरी औंल्याउने र भएका काम भयो पनि भन्नुपर्ने बताए । अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र कसैको दयामायामा प्राप्त नभएको भन्दै प्राप्त उपलब्धिलाई जनता र सरकार मिलेर संस्थागत गर्नुपर्ने धारणा राखे । उनले अहिले सरकारले नागरिकको जीवन र जिविका सहज होस् भन्ने चाहना पूरा गर्नका लागि प्रयास गरिरहेको बताए ।

## कानुन...

नेतृत्वको ‘संयुक्त जनआन्दोलन समिति’ ले तोकेका ‘जनकमाण्डर’ दुर्गा प्रसाईं भने प्रहरी हिरासतमै छन् ।

राजावादीहरूले काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शन हिंसात्मक बनेपछि उक्त घटनाको अनुसन्धानका क्रममा रहेका मिश्र र राणामाथि मुद्दा दायर भएर अदालती प्रक्रिया अघि बढ्दासमेत सम्पर्कमा नआएको जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले बताए । ‘हाजिरी जमानीमा लिएर बुझ्नेहरूले उहाँहरूलाई बुझाउन नसकेपछि दुवै प्रतिवादीका वकिलहरूलाई ५०/५० हजार रुपैयाँका दरले जरिवाना तिराएका छौं’ उनले मध्यान्हसँग भने । समयमै उनीहरू कानूनी प्रक्रियाका लागि सम्पर्कमा नआएपछि प्रतिवादी मिश्र र राणा पक्षका कानुन व्यवसायीबाट जनही ५० हजार रुपैयाँ जरिवाना तिराइएको उनले बताए ।

११ जेठमा मुद्दा दर्ता गर्नुपूर्व प्रहरीले सम्पर्क गर्ने प्रयास गरेपनि उनीहरू जमानी अनुसार प्रहरीको सम्पर्कमा नआएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । उपचारका लागि छाड्नुपर्ने सरकारी वकिल कार्यालयको रायअनुसार राणालाई ७ वैशाखमा प्रहरीले हाजिरी जमानीमा छाडेको थियो । त्यस्तै सर्वोच्च अदालतले हाजिर जमानीमा राख्न दिएको आदेश अनुसार २ जेठमा मिश्रलाई छाडिएको हो । उनी ५० दिन हिरासत बसेपछि रिहा भएका थिए । हाजिर जमानीमा मिश्रलाई अधिवक्ता श्यामबहादुर शाही र वसन्त ब्लोनको जिम्मामा छाडिएको थियो । मिश्र अहिले दुवै जना वकिलको सम्पर्कमा समेत छैनन् । त्यस्तै प्रहरीले धवल शमशेर राणाकी श्रीमतीलाई सम्पर्क गर्दा आफू काठमाडौंमा भएको र श्रीमान नेपालगन्जमा भएको जवाफ दिएको प्रहरीले जनाएको छ । उनको मोवाईलमा फोन लागेपनि उठ्दैन । त्यस्तै मिश्रले भने प्रहरी हिरासतबाट छुटेदेखि मोबाइल बन्द गरेर हराएका छन् । राणा १० वैशाखमा भारतको मुम्बई गएर १४ वैशाखमा काठमाडौं फर्किएका थिए ।

मिश्र पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको ‘संयुक्त जनआन्दोलन समिति’का सदस्य सचिव समेत हुन भने राप्रपाका महामन्त्री राणा सोही समतिमा सदस्य छन् । मिश्र हिरासतमा रहेपछि उनकी पत्नीले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् । उक्त रिटमा सर्वोच्चका न्यायाधीशद्वय कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको इजलासले अनुसन्धान सकिएको भन्दै हाजिरी जमानीमा छाड्न आदेश दिएको थियो । उनीविरुद्धको मुद्दा अहिले काठमाडौं जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । कानूनी प्रक्रियाका लागि नआए फरार प्रतिवादीहरूलाई पक्राउ गरी अदालतमा हाजिर गराउन प्रहरीलाई आदेश दिन सक्ने कानून व्यवसायीहरूले बताएका छन् ।

१५ चैतमा तीनकुनेमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका तर्फबाट दुर्गा प्रसाईं र ‘संयुक्त जनआन्दोलन समिति’का संयोजक ७६ वर्षीय सुवेदीसमेतले संयुक्त रूपमा प्रदर्शन गरेका थिए । सो प्रदर्शन हिंसात्मक बन्दा पत्रकार सुरेश रजक र कीर्तिपुरका सविन महर्जनको ज्यान गएको थियो । प्रदर्शनकारीहरूले व्यक्तिका घर तोडफोड आगजनी र भाटभटेनीमा लुटपाट मच्याएका थिए ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५ को उपदफा ४ अनुसार जरिवाना गर्न सकिने व्यवस्था छ । ‘ तोकिएको समयमा त्यस्तो मानिस (जमानीमा छुटेका व्यक्ति) नगराएमा हाजिर जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले ५० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ,’ उक्त उपदफामा भनिएको छ । यस अनुसार नै अनुसन्धान अधिकृतले उनीहरूलाई जरिवाना गरेको अदालत श्रोतको भनाइ छ ।

## ओली...

पत्रकारहरूसँग कुरा गर्दै भनेकी थिइन्, ‘म त सक्रिय नै छु, राजनीतिमा नै छु ।’

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन: सक्रिय राजनीतिमा फर्किएको प्रसंग उद्धृत गर्दै पत्रकारले सोधेको प्रश्नमा उनले आफू पनि राजनीतिमा सक्रिय नै रहेको बताएकी हुन् ।

उनको यो अभिव्यक्तिपछि एमालेभित्र उनको सक्रिय भूमिकाको संकेतको रूपमा विश्लेषण भइरहेका छन् । यति बेला ओली नेतृत्वको पार्टीभित्र आगामी रणनीति, संगठन विस्तार र भावी चुनावी तयारीका सवालमा व्यापक छलफल चलिरहेको छ । यस्तो अवस्थामा ओली र भण्डारी प्रदेश र जिल्ला दौडाहामा एकसाथ सक्रिय भएका छन् ।

पार्टीका सबै तहमा संगठन बलियो बनाउन अध्यक्ष ओलीले दौडाहाको तयारी गरिरहेको एमालेका एक नेता बताउँछन् । उनका अनुसार भण्डारीको सक्रियताले पनि नेता तथा कार्यकर्तामा सकारात्मक ऊर्जा दिएको छ ।

ओली-भण्डारीको पूर्वको सक्रियतालाई धेरैले संघीय र प्रदेशको आागामी निर्वाचनसँग समेत जोडेर हेरेका छन् । भण्डारीको सक्रियतालाई केहीले पार्टीभित्रको भविष्यसँग पनि जाडेरे हेरेका छन् ।

एमालेको महत्वपूर्ण आधार क्षेत्र पूर्व मानिन्छ । झापा ओलीको गृह जिल्ला हो भने मोरङ भण्डारीको गृह जिल्ला हो । त्यसैले ओली र भण्डारी दुबैले पूर्वका जिल्लालाई प्राथमिकतामा राखेका छन् । विशेषगरी कोशी प्रदेशभित्र एमालेले पुन: संगठनात्मक बल जुटाउन खोजिरहेका बेला यी दुई नेताको समानान्तर सक्रियतालाई चासोपूर्वक हेरिएको छ ।

यद्यपी ओली र भण्डारी पक्षका नेताहरू दुबै जनाको कार्यक्रमलाई नियमित भने पनि पूर्वमै एकले झापा र अर्कोले मोरङ रोजेर सक्रियता देखाउनु संयोग मात्र नभएको कतिपय नेताहरूको धारणा छ ।

## भण्डारीको...

एकताका लागि पहल गर्न सुझाव दिएका छन् । भण्डारीलाई पूर्वराष्ट्रपतिको भन्दा एमालेको वरिष्ठ नेताका रूपमा सम्मान चीनले दिएको छ । चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी)का नेताहरूले भण्डारीलाई दिएको सुझाव यसअघि माओवादी केन्द्रका नेताहरूलाई पनि दिएका थिए ।

भण्डारीको भ्रमण त्यस्तो समयमा भएको जतिबेला उनी सक्रिय राजनीतिमा आउने चर्चा चलेको छ भने एमालेको आगामी नीति महाधिवेशन पार्टीकै नेतृत्व लिने तयारी गरिरहेको बेला भएको हो । भण्डारीको भ्रमणमा सहभागी एक नेताका अनुसार चिनियाँ नेताहरूसँग भएको भेटबाट उनी उत्साहित छिन् भने एमालेको आगामी महाधिवेशनले भण्डारीको पुन: आगमनका लागि मार्ग प्रशस्त गर्नेछ ।

चिनियाँ नेताहरूको बुझाइ अनुसार भण्डारी एमालेको नेतृत्व लिन फर्कन लागेकी हुन् भने उनले वामपन्थी एकताको पक्षमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने चीनको चाहना रहेको सुनाएका थिए ।

एमाले स्थायी कमिटी सदस्य भानुभक्त ढकाल राजनीतिमा सक्रिय हुने-नहुने निर्णय भण्डारीमा नै निर्भर रहने बताउँछन् । ‘उमेर हेर्दा त उहाँको सक्रिय हुने बेला नै छ । सम्माननीय पदमा २ पटक रहनुभएकाले के गर्ने भन्ने कुरा त उहाँले निर्णय गर्ने विषय हो,’ उनी भन्छन् ।

## गोपनीयताको...

यसरी सूचना माग भएमा दुरसञ्चार सेवा प्रदायक निकायले तत्काल त्यस्तो सूचना उपलब्ध गराउनु पर्ने बाध्यकारी कानुनी व्यवस्था प्रस्तावित छ ।

त्यस्तो सूचनाभित्र के-के पर्छ भनेर भनेर विधेयकमै स्पष्टीकरण दिइएको छ ।

अगाडि भनिएको छ, ‘....“सूचना” भन्नाले व्यक्तिले प्रयोग गरिरहेको मोवाईल वा स्थायी टेलिफोनको कल डिटेल लगायत अपरेशनल डाटाः बि. टि. एस. लोकेशन, एस. एम. एस.. एम. एम. एस., सी. डि. आर.. युजर डिटेल, एस. आइ. एम. युजर लोकेशन, एस. आइ. एम. लोकेशन, कल वाइज लोकेशन, इन्टरनेट एक्टिभिटी, लग, आइ पि एड्रेस तथा सो सँग सम्बद्ध विवरणको विश्लेषणबाट सम्बन्धित देखिन आएका अन्य टेलिफोनका उल्लिखित विवरण सम्झनु पर्छ ।’

अर्थात, सरकारले नागरिकले संविधानतः प्राप्त गरेको गोपनीयताको हक संकुचित गर्न खोजेको छ । संविधानको धारा २८ मा गोपनीयताको हकसम्बन्धी व्यवस्था छ । जसले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्तिदेखि तथ्यांक तथा चरित्रसम्मका विषयको गोपनीयताको हक सुनिश्चित गरेको छ । तर, यस्तो संवैधानिक हक हनन हुन सक्ने गरी सरकारले ऐन बनाउने तयारी गरेको हो ।

व्यक्तिगत कुराकानी अदालतको अनुमतिबिना प्रहरीले समेत हेर्न नपाउने अदालती फैसला समेत छ । तर, संविधानको व्यवस्था र अदालतको फैसलालाई समेत लत्याएर सरकारले व्यक्तिगत विवरण लिन अदालतको अनुमति नभए पनि हुने गरी ऐन बनाउन लागेको हो ।

प्रचलित अनुसार अदालतको अनुमति लिएपछि मात्रै टेलिफोन वा इन्टरनेट सेवा प्रदायकजस्ता संस्थाबाट व्यक्तिगत सूचना तथा विवरण लिन सकिन्छ । प्रस्तावित विधेयक ऐन बने यस्तो प्रचलित व्यवस्था बदलिएर अनसन्धानको नाममा सरकारले जुनसुकै व्यक्तिको व्यक्तिगत र गोप्य सूचना लिन सक्नेछ ।

प्रस्तावित विधेयकअनुसार अनुसन्धान अधिकारीले कुनै नि व्यक्तिको टेलिफोन कल डिटेल, एसएमएस, युजर लोकेसन, इन्टरनेट कनेक्टिभिटी लगायतका सबै विवरण लिन सक्छन् । यसको दुरुपयोग हुन सक्ने विषयमा समेत विधेयक मौन छ । तथापि, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहरू अनुसन्धानका नाममा लिइएका नागरिकका व्यक्तिगत विवरण सुरक्षित रहने दाबी गर्छन ।

## विदेश...

समाचार मध्यान्ह दैनिकले प्रकाशित गरेको थियो । नक्कली कागजातमा खाडी देशहरूमा उडान भर्न खोजिरहेको भन्दै गत हप्ता मुम्बई विमानस्थलमा १० जना नेपाली नागरिक पक्राउ परेका थिए ।

## कुवेतमा...

विश्वविद्यालय र विद्यालयहरू, लगानी प्रवर्द्धन प्राधिकरणद्वारा मान्यता प्राप्त विदेशी लगानीकर्ताहरू, खेलकुद क्लब र महासंघहरू, सार्वजनिक लाभ संघहरू, श्रमिक संघहरू, परोपकारी संस्थाहरू र दानहरूसहित विभिन्न क्षेत्र तथा संस्थाहरूमा लागू हुनेछ ।

त्यस्तै कृषि सञ्चालन, औद्योगिक सुविधाहरू, व्यावसायिक र लगानी सम्पत्तिहरू र साना-स्तरीय उद्योगहरूलाई पनि नयाँ नियम लाग्ने बताइएको छ । भिषा शुल्क छुट दिने एक वर्ष अघिको व्यवस्था खारेज भएपछि विदेशी श्रमिकको आपूर्ति लागत बढ्ने जनाइएको छ ।

**बुङ्गल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खिरातडी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

**प्रकाशित मिति २०८२।०२।२५**

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.ब.२०८१/०८२ मा यस नगरपालिका भित्र तपसिल बमोजिमको सिलबन्दी दरभाउ पत्र आह्वान गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ । सिलबन्दी दरभाउ पत्र सम्बन्धि बिस्तृत जानकारीको लागि **www.bolpatra.gov.np/egp** मा हेर्न अनुरोध गरिन्छ ।

| सि.न. | सिलबन्दी दरभाउ पत्र न. | सिलबन्दी दरभाउ पत्रको विवरण | लागत अनुमान मु.अ.कर बाहेक (रु) | सिलबन्दी दरभाउ पत्र दस्तुर (रु) | बैंक जमानत |
|---|---|---|---|---|---|
| १. | BM-SQ/G-04-081-082 | स्वास्थ्य सामाग्री खरिद | ११,५०,९८०।- | १०००।- | २९०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**Suwarna Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Kawahigoth, Bara**
**Madhesh Pradesh, Nepal**

**Invitation for Quotation**

**Invitation for Bids No: SRM/ SQ /G/2081-82/17**
**Date of publication: 8th JUNE 2025**

1. ***Suwarna Rural Muncipality*** invites sealed quotation for Nepalese eligible bidders for the **Tyari Postik Aahar Bitaran** under Sealed Quotation procedures. The estimated amount for the works is **NRs**. ***25,00,000 without VAT***
2. Eligible Bidders may obtain further information & inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np
3. Bidder Who choose to submit their bid electronically may download the bidding documents for e-submission from ppmo’s website www.bolpatra.gov.np/egp.Bidders,submitting their bid electronically,should deposit the cost of a non-refundable fee of Rs. 1000.00
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Himalyan Bank Limited, Suwarna , kawahigoth ,bara
   Account name: Suwarna Antarik Rajaswa Khata
   Account number: 05507907200017
4. Bidding documents must be to the office( ***Suwarna Rural Muncipality,Kawahigoth,Bara)*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 Hrs*** on ***23rd Jun.2025*** . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 Hrs. 23rd Jun.2025*** at the office of ***[Suwarna Rural Muncipality,Kawahigoth,Bara]***. Bids must be valid for a period of ***45Days*** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of **NRs. 62500.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com



# १५ असारसम्ममा शिक्षा विधेयक पास हुन्छ : शिक्षामन्त्री

**काठमाडौं/मस-**शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८० ' आगामी असार १५ गतेसम्ममा संघीय संसद, प्रतिनिधिसभाबाट पास हुने दाबी गरेका छन् ।

प्रारम्भिक बाल विकासका लागि संघीय सांसदहरूको सहकार्य र समन्वय समूहले यहाँ आज आयोजना गरेको 'प्रारम्भिक बालविकाससम्बन्धी परामर्श कार्यक्रम'मा उनले विधेयक पारित गर्न तीव्रताका साथ काम गरिरहेको उल्लेख गरे ।

शिक्षामन्त्री पन्तले भने,'शिक्षा विधेयकमा सबैका जायज माग सम्बोधन हुन्छन्, सोहीअनुसार काम भइरहेको छ, आगामी असार १५ गतेसम्म प्रतिनिधिसभाबाट



विधेयक पारित हुन्छ ।' उनले विधेयकमा शिक्षकका माग सम्बोधन गर्न दरबन्दी मिलान र विद्यालय गाभ्ने विषयमा मन्त्रालयले काम गरिरहेको पनि जानकारी दिए ।

सरकार र शिक्षकबीचमा विगतमा भएका सहमतिलाई पनि सम्भव भएसम्म विधेयकमा समावेश गर्ने उनको भनाइ छ । शिक्षामन्त्री पन्तले भने, 'समय सापेक्ष कानुन संशोधन गर्दै जाने हो, युगको आवश्यकताअनुसार सम्बोधन गर्दै जानुपर्छ ।' संविधानको मर्म र अर्थतन्त्रले धान्न सक्ने माग सम्बोधन हुने उनको भनाइ छ ।

'जुन दिन शिक्षकहरूसँग सम्झौता भएको थियो, मैले त्यही दिन सार्वजनिक रूपमा नौ बुँदे सहमति नगद हो भनेको थिए, उक्त सहमति आगामी साउनदेखि लागू हुन्छ', शिक्षामन्त्री पन्तले भने,'उहाँहरूका जायज माग सम्बोधन हुन्छ ।' मुलुकको शिक्षा प्रणालीलाई सुधार गर्ने विषयमा उपयुक्त, वैज्ञानिक र आर्थिक रूपमा धान्न सक्ने सुझावलाई सरकारले ग्रहण गर्ने उनले उल्लेख गरे ।

उनले भने,'प्रारम्भिक बाल विकासलाई शिक्षा प्रणालीभित्र कसरी समावेश गर्ने र समग्र बालबालिकाको विकासलाई कसरी नीतिगत रूपमा समावेश गर्ने भन्ने कुरामा हामी पहिला प्रष्ट हुनुपर्छ ।'

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना समितिका सभापति अम्मरबहादुर थापाले प्राथमिकताको आधारमा शिक्षा प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिए। कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुसुमदेवी थापाले सरकारले बालबालिकाको प्रारम्भिक विकाससँगै अन्य विषयमा पनि ध्यान दिनुपर्ने धारणा राखे ।

नेपाली कांग्रेसका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य जीवन परियारले बालबालिकाको विकासको निम्ति प्रारम्भिक बालविकाससँग सम्बन्धी छुट्टै ऐन बनाउनुपर्ने विषयमा शिक्षामन्त्रीको ध्यानाकर्षण गराए।

# 'कार्पेट मुनि फोहोर लुकाएर घर सफा देखाउने प्रवृत्तिले देशको विकास भएन'

**मध्यान्ह संवाददाता**
दोहा कतार, २४ जेठ

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोले कार्पेट मुनि फोहोर लुकाएर घर सफा देखाउने प्रवृत्तिले देश विकास नभएको बताएका छन्। नेपाल बनाउने योजना बनाए पनि साझा नेपाल बनाउने योजना नभएका कारण सफल नभएको उनको भनाइ छ।

मधेशी एकता समाज कतारले आयोजना गरेको ईस्लाम धर्मालम्बीहरुको दोस्रो ठूलो पर्व वक्र इद (इद-उल-अज्हा) को शुभकामना आदान-प्रदानसहित सम्मान कार्यक्रममा उनले विभिन्न पहिचान र एउटा देशको परिकल्पनामा पृथ्वी नारायण शाहले देशको एकीकरण गरेको बताउँदै नेपाल बहुल भएपनि शासन एकल भएका कारण विकासमा नेपाल असफल भएको दाबी गरे ।

अमेरिकाको एक सम्मेलनमा सहभागी भइ नेपाल फर्कने क्रममा कतारमा बसोबास गर्ने नेपाली (मधेशी) श्रमिकहरूसँग भेटघाटका लागि कतार आएका महतोले प्रवासमा रहेका वैचारिक संघसंस्थाले मञ्चमा राजनीतिक आरोप प्रत्यारोप नगरी आफ्ना समस्या र पिडालाई मूल मुद्दा बनाउनुपर्ने आवश्यकता रहेको बताए । आफ्ना विचार राख्नुपूर्व कतारमा रहेका वैचारिक संगठनका प्रमुख तथा प्रतिनिधिले विभिन्न आरोप प्रत्यारोप गरेको सुनेर बसेका महतोले उनीहरूलाई लक्षित गर्दै नेपालको संसदमा झगडा गरेझैँ कतारमा सार्वजनिक कार्यक्रममा किन राजनीतिक झगडा गरेको भनि प्रश्न गरे । उनले प्रत्येक नेपालीले मेरो देश नभनेसम्म देश विकास





नहुने बताउँदै अरू राजनीतिक दललाई गाली गरेर राष्ट्रवादी बन्ने प्रवृत्ति गलत रहेको धारणा राखे। उनले देशलाई माया गर्नु नै राष्ट्रवाद रहेको स्पष्ट पारे ।

हल भन्दा बाहिर नेपाल बिग्रियो किन बनेन् भनेर चिन्तन गर्ने तर माइकमा राजनीतिक आरोप प्रत्यारोप गर्ने गरेको आफूले पाएको बताउँदै उनले राजनीतिक कतारमा रहेका वैचारिक आस्थावानहरुलाई राजनीति हैन श्रमिकका र पिडाका एजेण्डा बोक्न सुझाव दिए ।

करिब एक घण्टा सम्बोधन गरेका महतोले देशको अद्योगति हुनुमा राजनीतिक दल नै प्रमुख दोषी रहेको बताए ।

प्रकृतिले वरदानमा दिएका प्राकृतिक श्रोतको उपयोग गर्न नसकेको बताउँदै नेपालसँग ८३ हजार मेगावाट बिजुली उत्पादन गर्ने क्षमता भए पनि नेपालले भारतसँग बिजुली लिइरहेको बताए । उनले नेपालमा अहिले लोडसेडिङ सुरु भइसकेको जिकिर समेत गरे ।

कार्यक्रममा कतारमा स्थापित वैचारिक, सामाजिक, व्यावसायिक, सामुदायिक, संघसंस्थाहरूका प्रमुख तथा प्रतिनिधिसहित अन्य व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्ने वक्ताहरूले मधेशीहरुलाइ पहाडियाले अझै पनि नेपाली हो भनेर स्वीकार्न नसकिरहेको जिकिर गर्दै तराइको दाइजो प्रथालाई न्यूनीकरणका लागि पहल गर्नुपर्ने भनाइ राखेका थिए ।

राजनीतिक शक्तिका रूपमा मधेशबाट राष्ट्रपतिदेखि नेपाल सरकारका मन्त्रीसम्म बने पनि मधेशको शिक्षा र विकासका ध्यान कम दिएको बताउँदै कूर्चीका लागि मात्र मन्त्री बन्ने गरेको धारणा राखेका थिए ।

मधेश केन्द्रित नेताहरू एकै मधेशका मुद्दामा एकै खेमामा उभिन आवश्यक रहेको वक्ताहरूले बताएका थिए ।

कार्यक्रममा मधेशी एकता समाजका संस्थापक अध्यक्ष रवीन्द्र कुमार यादवले समेत सम्बोधन गरेका थिए । समाजका अध्यक्ष शिव कुमार महतोको सभाध्यक्षमा सम्पन्न कार्यक्रमलाई महासचिव चन्दि्र्बर यादवले सहजीकरण गरेका थिए । सम्मान कार्यक्रममार्फत महतोलाई आयोजकसहित मधेस प्रदेश समन्वय परिषद् कतारले दोसल्ला ओढाएर सम्मान गरेको थिए ।

# पत्रकार महासंघ ललितपुरद्वारा 'हीरा-सिद्धि पत्रकारिता पुरस्कार' कोष स्थापना

**ललितपुर/मस-**नेपाल पत्रकार महासंघ, ललितपुर शाखाले हीरा-सिद्धि क्रियाशिल पत्रकारिता पुरस्कारको घोषणा गरेको छ ।

शनिबार नेपाल पत्रकार महासंघ ललितपुर शाखाको कार्यमूलक बैठकले एक कार्यक्रमकाबीच पाँच लाख रुपैयाँको अक्षयकोषसहित पुरस्कारको घोषणा गरेको हो । सो राशी बराबरको अक्षयकोष ललितपुर जिल्लाका समाजसेवी सिद्धिबहादुर महर्जनले उनकी स्वर्गीय धर्मपत्नी हिराकुमारी महर्जनको स्मृतिमा महासंघ शाखालाई हस्तान्तरण गरेका हुन् ।

अक्षयकोष घोषणा एवं हस्तान्तरण कार्यक्रममा समाजसेवी महर्जन र महासंघ शाखाका तर्फबाट अध्यक्ष रामहरि कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

अक्षयकोषको घोषणा एवं हस्तान्तरण गर्दै समाजसेवी महर्जन परिवारले आम जनतालाई सूसुचित गर्ने सञ्चारकर्मी एवं पत्रकारको हकहित र प्रोत्साहन निम्ति सहयोग गर्न पाउँदा गौरवान्वित भएको बताएका छन् ।

त्यस्तै अक्षयकोष घोषणा कार्यक्रममा बोल्दै वरिष्ठ पत्रकार प्रभुनारायण बस्नेतले महर्जन परिवारले उल्लेखनीय काम





गरेको भन्दै उच्च प्रशंसा गरेका छन्। बस्नेतले भने, 'यस पुरस्कारले पत्रकारहरुलाई निष्पक्ष र निर्भिक ढंगबाट कलम चलाउन प्रोत्साहन मिल्ने छ ।'

त्यस्तै कार्यक्रममा बोल्दै शाखाका सल्लाहकार तथा पूर्व अध्यक्ष ज्ञानप्रसाद पौडेलले आफूले नेतृत्व गरेको शाखामा यस्ता किसिमका सकरात्मक पहल हुदाँ गौरव गरेको प्रतिक्रिया दिएका छन् । त्यस्तै नेपाल पत्रकार महासंघका उपत्यका प्रदेश समितिका अध्यक्ष टेनिस रोकाले उपत्यकाका तीन जिल्लामध्ये ललितपुर शाखा बढी क्रियाशिल रही पत्रकारको हकहितमा काम गर्न सफल भएको बताएका छन् ।

त्यस्तै शाखाका अध्यक्ष कार्कीले हीरा-सिद्धि पुरस्कार शाखाको हरेक वार्षिक साधारण सभामा जिल्लामा क्रियाशिल दुई जना पत्रकारहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने जानकारी दिए । उनले भने, 'यो पुरस्कार स्थानीय सरोकार वा धर्म, संस्कृति, कलामा कलम चलाउने क्रियाशिल पत्रकारलाई प्रदान गरिनेछ ।' अक्षयकोषमा प्राप्त भएको रकमको ब्याजबाट पुरस्कार प्रदान गरिने उनको भनाइ छ ।

रकम हस्तान्तरणसँगै अक्षयकोष कार्यान्वयनमा आएको शाखा सचिव दीपक अर्यालले बताए ।

कार्यक्रममा स्वर्गिय हीराकुमारी महर्जनकी छोराहरु प्रेम सिंह महर्जन र सरोज डंगोलको पनि उपस्थिति रहेको थियो ।

# पाल्पामा वेटर वेट्रेस सम्बन्धी १० दिने तालिम सुरू



**पाल्पा/मस-**हस्पिटालिटी क्षेत्रमा दक्ष कामदार आपूर्ति गराउने उद्देश्य राख्दै पाल्पाको तानसेनमा शनिबारबाट १० दिने वेटर वेट्रेस तालिम सुरू भएको छ ।

स्वीस सरकारको सहयोगमा नेपाल होटल संघ (हान), होटल संघ लुम्बिनी प्रदेश तथा सिद्धार्थ होटल संघको आयोजना र पाल्पा होटल संघको समन्वयमा तालिम सञ्चालन सुरू भएको हो ।

तानसेन बतासेडाँडास्थित होटल श्रीनगरमा तालिमको उद्घाटन गर्दै होटल संघ नेपालका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश संयोजक चन्द्र प्रकाश श्रेष्ठले होटलमा कार्यरत कामदार कर्मचारीको दक्षता अभिवृद्धि साथै नयाँ जनशक्ति तयार गर्ने र दक्ष जनशक्तीले मात्रै हस्पिटालिटी क्षेत्रको स्तर वृद्धि गर्ने भएकाले स्वीस सरकारसँग सहकार्यमा तालिम संचालन गरिएको जानकारी दिए । सीप सिकेर अझै दक्ष हुने र नयाँले तालिमबाट धेरै कुरा सिकी रोजगार प्राप्त गर्न सहज हुने भएकाले तालिममा दत्तचित्त भएर १० दिन सम्म सहभागी बन्न श्रेष्ठले आग्रह गरे ।

पाल्पा होटल संघका अध्यक्ष एवं श्रीनगर होटलका प्रबन्ध निर्देशक जयन्त भुसालले धेरै पछि पाल्पा तानसेनमा यस किसिमको तालिम सुरू भएको र तालिमले रोजगारमा रहेकालाई थप दक्ष बनाउने र नयाँ जनशक्ति समेत तयार हुने बताए ।

तालिमले होटल क्षेत्रको सेवा साथै नेतृत्व र व्यक्तित्व विकास समेत हुने जनाउदै यो तालिम पुरै निशुल्क रहेको र होटलमा निःशुल्क प्रयोगात्मक साथै सैद्धान्तिक शिक्षाको माध्यमबाट सिक्न अध्यक्षले प्रशिक्षार्थीमा आग्रह गरे ।

तालिमका प्रशिक्षक धिरेन राकस मगरले तालिममा वेटर वेट्रेसले हस्पिटालिटी क्षेत्रमा गर्ने काम र भूमिका मात्र नभइ हस्पिटालिटी क्षेत्रका अन्य सैद्धान्तिक कुरा पनि सिकाइने भएकाले १० दिनको तालिममा कुनै पनि दिन नछुटाउन आग्रह गरे । सिद्धार्थ होटल संघका उपाध्यक्ष भोज खत्रीले होटल पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको खाँचो रहेकाले यो तालिमले केही रुपमा मद्दत गर्ने बताए ।

तालिममा पाल्पाका विभिन्न होटल रिसोर्टका २० जना युवायुवतीको सहभागिता रहेको छ । पाल्पामा निकट भविष्यमा हाउसकिपिङको प्रशिक्षण पनि संचालन हुने आयोजकले जनाएको छ ।

# राजपुरका मुस्लिम समुदायले मनाए ईदुल अदहा

**इस्तयाक अहमद/मध्यान्ह**
रौतहट, २४ जेठ

रौतहट जिल्लाको राजपुर नगरपालिका वडा नम्बर-३ का मुस्लिम समुदायले इस्लाम धर्मको एक महत्वपूर्ण चाड ईदुल अदहा (बकर ईद) धार्मिक श्रद्धा र उत्साहका साथ मनाएको छ ।

ईदुल अदहाको अवसरमा स्थानीय मुस्लिम समुदायका नागरिकहरू बिहानै नजिकको मस्जिदमा भेला इई



विशेष भए नमाज पढेका थिए । नमाजपछि परम्पराअनुसार बाखा, राँगा लगायतका जनावरहरूको धर्मसम्मत तरिकाले बलि दिइएको थियो ।

बलि दिइएको मासु तीन भागमा बाँड्ने इस्लामीहरुको प्रचलन छ । जसको एक भाग आफन्तहरूलाई, एक भाग विपन्न तथा गरिबहरूलाई र एक भाग आफ्नै परिवारका लागि राखिने मौलाना मोहम्मद जाकिर हुसैनले बताए ।

उनले समुदायमा आपसी सद्भाव, सहयोग र धार्मिक सहिष्णुता झल्किने गरी चाड मनाइएको बताएका छन् ।

# सकारात्मक काममा साथ, गलतमा खबरदारी गर्ने प्रतिबद्धता

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २४ जेठ

जुम्लाको चन्दननाथ नगरपालिकामा नेकपा (माओवादी केन्द्र) नगर समितिले पार्टीका तर्फबाट सामाजिक उत्तरदायित्व, पारदर्शिता र जनहितका सवालमा प्रतिबद्धता सार्वजनिक गरेको छ ।

पत्रकार सम्मेलन गरी नगर समितिका अध्यक्ष सुरेन्द्र बहादुर महतले स्थानीय विकास, शिक्षा, स्वास्थ्य, स्वच्छता र पूर्वाधार विस्तारजस्ता जनमुखी कार्यमा पार्टीले सक्रिय भूमिका निर्वाह गर्ने जानकारी दिए । उनले भने, 'हामी हरेक सकारात्मक काममा साथ दिन तयार छौं। तर जनताको हितविपरीत हुने गतिविधि चुप लागेर हेर्नेवाला छैनौं, प्रतिवाद गर्छौं।'

उनका अनुसार नगर भित्र देखिएको भ्रष्टाचार, अनियमितता, सार्वजनिक स्रोतको दुरुपयोगजस्ता क्रियाकलापको खबरदारी गर्दै आवश्यक परे कानुनी प्रक्रिया अगाडि बढाउने तयारी समेत गरिएको छ । पार्टीले स्थानीय कार्यालयहरूमा सेवा प्रवाह सुलभ नभएको, भ्रष्टाचारजन्य हर्कत भएको जनगुनासोका आधारमा निगरानी बढाउने निर्णय लिएको छ।

वरिष्ठ उपाध्यक्ष चन्द्रवती उपाध्यायले महिला तथा बालबालिका माथिको बढ्दो हिंसा न्यूनीकरणमा कुनै पनि राजनीतिक पूर्वाग्रह नराखी पहल गर्ने बताइन्। साथै, उनले हाल





स्थानीय सरकार जनअपेक्षाअनुसार काम गर्न असफल रहेको, नीति तथा कार्यक्रमहरू कागजमै सीमित भएर कार्यान्वयनमा ढिलासुस्ती भएको भन्दै गम्भीर असन्तुष्टि व्यक्त गरिन्।

सचिव कृष्ण बहादुर सुनारले पछिल्लो समय जुम्लामा लागुऔषध दुरुपयोग बढ्दै गएकाले त्यसको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिने बताए । साथै, विकासका नाममा बजेट दुरुपयोग, साना ठेकेदारसँगको साँठगाँठ र अनियमितताले स्थानीय शासनको विश्वसनीयता घटाएको भन्दै जनचेतना र जनदवाब आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममार्फत पार्टीले सम्पूर्ण युवा, महिला, किसान, मजदुर तथा बुद्धिजीवी वर्गलाई जनसरोकारका विषयमा आवाज उठाउन र जनमुखी अभियानमा सहभागी हुन आह्वान गरेको छ । चन्दननाथ नगर समितिको यो कदमलाई पारदर्शिता, जवाफदेहिता र जनताको पक्षमा सशक्त राजनीतिक प्रतिबद्धताका रूपमा हेरिएको छ ।

**अधिकृत वारेसनामा बदर बारे**

**लिखितम अधिकृत वारिसनामा दिने शुक्र सिंहका नाती खड्गनारायण श्रेष्ठको छोरा जिल्ला इलाम, इलाम नगरपालिका वडा नं २ घर भई हाल काठमाडौं जिल्ला का.जी. का.म.न. पा .वडा नं ६ बस्ने वर्ष ७५ को नागरिकता प्रमाणपत्र नम्बर ३७५४२ मिति २०४८ ३/ ७ गते जिल्ला प्रशासन कार्यालय इलाम र अधिकृत वारिसनामा लिने खड्गनारायण श्रेष्ठको नाती रामनारायण श्रेष्ठको छोरा झापा जिल्ला गौरीगञ्ज गाविस वडा नम्बर ३ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा वडा नम्बर ३२ कोटेश्वर बस्ने वर्ष ४४ को अमोद कुमार श्रेष्ठ (नागरिकता प्रमाणपत्र नम्बर ४७३५९मिति २०५३ /७ / १३ जि.प्र.का इलाम) भई इलाम जिल्ला अदालतमा दर्ता भई मिति २०६७ /०१/३० मा फैसला भएको अपुताली हक कायम निर्णय दर्ता बदर दा.खा. नामसारी चलन दे.न.३८/८३ र नम्बर १९-०६५-००५४५ नि.न. मुद्दा सम्मानित पुनरावेदन हालको उच्च अदालत विराटनगर इलाम इजलासबाट समेत मिति २०६७ १०२६ गते सुरु सदर भई अन्तिम भएको र फैसला बमोजिम इलाम नगरपालिका वडा नम्बर २( क) कि. न. ६४ को क्षेत्रफल४-७-२-३ घर जग्गामध्ये तीन भागको एक भाग घरजग्गा रामनारायण श्रेष्ठको हकजति बाहेक गरी बाँकी दुई भागलाई पुन तीन भाग लगाई सो ३ भागको एक भाग घर जग्गा बादी सत्यनारायण श्रेष्ठको अपुताली हक कायम भई फैसला बमोजिम सत्यनारायण श्रेष्ठको निवेदन परि इलाम जिल्ला अदालत कार्यान्वयन प्रक्रियामा उपस्थित हुन मिति २०८२ ०२/१३ गते काठमाडौं जिल्ला अदालतबाट अधिकृत वारिसनामा गरिदिएकोमा फैसला बमोजिम इलाम जिल्ला अदालतमा उपस्थित भई म आफैले गर्न सक्षम भएकोले उक्त अधिकृत वारिसनामा मुलुकी देवानी संहिता २०७४ को दफा १५ बमोजिम बदर गरिएको छ ।**

**लिखु पिके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौंलाखर्क, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र संसोधन गरिएको सूचना**

**प्रकाशित मितिः २०८२/०२/२५**

यस कार्यालयबाट मिति २०८२/०२/१८ गते प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा Construction of Administrative Building of Likhu Pike Rural Municipality. Contract Identification No.: NCB/WORKS/LPKRM/2081/82-05 शीर्षकको निर्माण कार्यका निम्नानुसार संसोधन गरिएकोले संम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| SN | Relevant Clause | Existing Clause | Modified Clause |
|---|---|---|---|
| 1 | Bid Submission Last Date | 2025/06/08 12:00 | 2025/06/13 12:00 |
| 2 | Minimum Construction Experience In key Activites | | |
| | Providing and laying of stone masonry with cement mortar | 450 $M^3$ (at least 50% of which must be one side dressed stone masonary work). | 450$M^3$ (at least 160 $m^3$ of which must be one side dressed stone masonary work) for building works |

**प्रमुख प्रशासकीय अधिकृत**

**काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/२/२५ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ५ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ८ थान गोलिया ८९.२ क्युफिट, जामुन १४ थान गोलिया १११.४ क्यु .फिट, अस्ना १६ थान गोलिया २१६ क्यु. फिट, सिसौ १९ थान गोलिया ६६.१ क्यु फिट, खयर ५४ थान गोलिया ९१.३ जम्मा १११ गोलिया ५७४ क्यु फिट काठ/दाउरा मिश्रित १ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री शान्ती सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ५ कैलाली**

**काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/२/२५ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा न ५ मा रहेको यस सा.व.उ.स. को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ५ थान गोलिया २२.१२ क्युफिट, जामुन ६ थान गोलिया ७०.५६ क्यु. फिट, अस्ना १८ थान गोलिया २७७.६६ क्यु. फिट र अन्य काठ ४ थान गोलिया २४.१४ क्यु. फिट जम्मा ३३ गोलिया ३९४.४८ क्यु फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सहमती सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ५, कैलाली**

## सम्पादकीय

# सरकारले नदेखेको असमानता

सरकारले आर्थिक अनुशासन कायम राख्न भनेर आगामी आर्थिक वर्षदेखि बृद्ध भत्ता पाउने उमेर हद बढाएको छ । अब ७० वर्ष उमेर कटेकाले मात्र बृद्ध भत्ता पाउनेछन् । तीन वर्षअघि, आर्थिक वर्ष २०७९/८० बाट लागू हुनेगरी बृद्ध भत्ता पाउने उमेर हद ६८ वर्ष बनाइएको थियो । नेपाली कांग्रेस नेतृत्वमा रहेको त्यो सरकारले २०७९ मंसिरमा घोषित आमचुनावलाई लक्षित गरी बृद्ध भत्ता पाउने उमेर हद घटाएको थियो । अहिले त्यसबेला घटाइएको उमेर हद फेरि बढाउने निर्णय भएको छ । सरकारी अधिकारीहरूले बृद्ध भत्ता पाउने उमेर हद बढाउने निर्णयबाट राज्य कोषमा १० अर्ब बचत हुने पूर्वानुमान गरिरहेका छन् । कतिपयले बृद्धभत्ता पाउने उमेर हद बढाउनुलाई सकारात्मक निर्णय भनेरै प्रशंस गर्दैछन् ।

तर उमेर हद बढाउने निर्णयबाट पीडित बन्ने पक्षको आवाज कतैपनि सुनिएको छैन । जबकि तीन वर्षदेखि जुन उमेर समूहका जेष्ठ नागरिकले बृद्धभत्ता पाउँथे, अब त्यो मानक भत्कदा ठूलो संख्या पीडित हुनेछन् । उनीहरूका तर्फबाट बोलिदिने आवाज लगभग शुन्यप्राय छ । यो कार्यक्रम सामाजिक न्यायका निम्ति सञ्चालन हुँदै आएकाले सरकारको हचुवा निर्णयहरूको सशक्त प्रतिवाद हुनुपर्ने थियो । त्यसैपनि सामाजिक न्याय भन्दा पनि लोकप्रियतालाई आधार मानेर सामाजिक सुरक्षा भत्ताबारे निर्णय हुँदै आएको छ । २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको सरकारले बृद्ध भत्ताको निर्णय लिनु आफैमा लोकप्रियताका निम्ति थियो । कांग्रेसले कम्युनिष्टप्रति फैलाएका भ्रम चिर्न बृद्ध भत्ताको नीति सार्वजनिक गरिएको विश्लेषण एमालेकै नेताहरू गर्छन् । यद्यपि ७० वर्ष पुगेका बृद्धबृद्धाले मासिक रू.१०० पाउने निर्णय असाध्यै लोकप्रिय बन्यो ।

सामाजिक सुरक्षा भत्ताको कार्यक्रम लोकप्रिय बनेकाले यसको दायरा बढाउन थालियो । २०५४ सालमा एकल महिलाले पनि भत्ता पाउन थालिन् । २०६५/०६६ सालदेखि लोपोन्मुख जनजाति र पूर्ण अपाङ्गले पाउन थाले । अहिले यसको दायरा निकै फराकिलो छ । सरकारी तथ्याङ्क अनुसार चालु आवमा मात्र सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको संख्या ३७ लाख छन् । तर सरकारले हचुवाका भरमा सामाजिक सुरक्षाबारे निर्णय लिन छाडेका छैन । जस्तो कि २०५१ सालमै पनि बृद्ध भत्ताको उमेर हदबारे भएको निर्णय सही थिएन । त्यसबेला ७० वर्ष कटेकाले रू.१०० पाउने भनिएको थियो । जबकि समग्र देशको औसत आयु ५४.३ वर्ष हुँदा कर्णालीबासीको औसत आयु करीब ४६ वर्ष थियो । अहिले औसत आयु बढेर ७१.३० वर्ष पुगेको छ । तर उत्पीडित क्षेत्र, वर्ग र जातिको औसत आयु तुलनात्मक थोरै छ । यसतर्फ यतिका वर्षसम्म सरकारले ध्यान दिएको छैन । बरू कहिले चुनावी लोकप्रियताका लागि र कहिले आर्थिक अनुशासनको कारण देखाएर जथाभाबी कार्यक्रम बनाइने गरेको छ ।

# अलपत्र मधेशीका मुद्दा

*मधेश आन्दोलनबाट पार्टी र नेता जन्मिए तर, आन्दोलनबाट जनताको अधिकार भने प्राप्त भएन । पटक-पटक आन्दोलन भए, दर्जनौंको संख्यामा जनता सहिद भए, तर जनताका अधिकार सुनिश्चित हुने गरी पहल भएन...*

**अग्रलेख**



● लिलेश कुमार यादव

बदलिँदो समय र परिस्थितिअनुसार नेपाली जनताहरूको माग पनि बदलिँदै गएको छ । राजतन्त्र भएको देशमा लोकतन्त्रसमेत आयो । प्रायः जस्तै नेपालको सत्ता परिवर्तन गर्ने आन्दोलन मधेशका जिल्लाबाट नै सुरु भएको थियो । ठूला-ठूला पार्टीहरूको स्थापना मधेशका जिल्लाबाट भयो । ठूला नेताहरू मधेशका जिल्लाबाट नै जितेर मन्त्री तथा प्रधानमन्त्रीसमेत भए । उदाहरणको लागि, नेपाली कांग्रेसका पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विराटनगरबाट पटक-पटक जितेका थिए, पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल रौतहट जिल्लाबाट जितेका थिए, पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सप्तरीबाट जितेका थिए ।

नेपालमा कतिपय यस्ता मागहरू पनि उठेका छन्, जसको अस्तित्व छिट्टै समाप्त भयो । केही यस्ता मागहरू छन्, जो ढिलो चाँडो पूरा भए । तर, केही यस्ता मागहरू पनि छन्, जुन धेरै दशकदेखि उठ्दै आएका हुन्, तर आजसम्म कुनै उल्लेखनीय उपलब्धि हासिल भएको छैन । आन्दोलनको नाममा सधैं सर्वसाधारण जनता मात्र शहीद भए । शहीद हुने जनताको संख्या दिन प्रतिदिन बढ्दो अवस्थामा रह्यो । यहाँ जसबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालमा मधेश आन्दोलनको सुरुवात वि.सं. २००८ देखि नै भएको मानिन्छ । वि.सं. २००८ मा वेदानन्द झाले आफ्नै नेतृत्वमा 'नेपाली तराई कांग्रेस'को स्थापना गरेर मधेशी जनतामाथि भइरहेका अन्याय अन्त्य गर्नका लागि आन्दोलन सुरु गरेका थिए । उनको नेतृत्वमा स्थापना भएको पार्टीका मुख्य तीन वटा मागहरू थिए- १) स्वतन्त्र मधेश, २) मधेशी जनताको समायोजन र ३) हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाइनु पर्ने ।

मधेशी जनताले झालाई साथ नदिएको होइन । तर, झाले आफ्ना व्यक्तिगत स्वार्थका लागि पहाडी नेतृत्वको सामु आत्मसमर्पण गरे । केही समयपछि उनी मन्त्री भए र वि.सं. २०२७ को अन्त्यतिर नेपाल सरकारबाट भारतका लागि राजदूत भएर गए । उनले आफ्नो जीवनमा प्रगति त गरे, तर मधेशी जनताको विश्वासमाथि धोका दिए । मधेशी जनतामाथि भइरहेको अन्यायलाई देख्दादेख्दै नदेखेझैं गरेर मन्त्री र राजदूत बने । आजको दिनसम्म पनि धेरै मधेशी जनतालाई थाहा छैन – कतै 'नेपाली तराई कांग्रेस' नामको पार्टी पनि थियो र ?

त्यसपछि नेपालमा माओवादी आन्दोलन भयो । १० हजार जना जनताहरू शहीद भए, अर्बौं-खरबौंको क्षति भयो । यसबिचमा मधेशी जनताहरूको पक्षमा माग उठाउने कुनै पार्टी थिएन । जब माओवादीले शान्ति सम्झौता गरे, त्यसपछिको वि.सं. २०६२ सालको फागुन ४ गतेदेखि मधेश आन्दोलनको सुरुवात भयो । कहिल्यै नसोचिएका घटनाहरू हुन थाले । नेपालगन्ज, विराटनगर र अन्य पहाडी बाहुल्य क्षेत्रहरूमा धेरै मधेशी जनताहरूमाथि अन्याय भएको थियो । त्यसको प्रतिकृया स्वरूप मधेशी जनताहरूले मधेश आन्दोलन सुरु गरे । एउटा मधेशीले अर्को मधेशीलाई साथ दिन थाले । त्यसक्रममा उपेन्द्र यादवको नेतृत्वमा 'मधेशी जनअधिकार फोरम'ले आन्दोलनको अगुवाइ गर्न थाल्यो । रौतहट जिल्लाको सदरमुकाम गौरमा भएको घटनाले मधेश आन्दोलनलाई एकदमै उच्च स्तरमा पुर्‍यायो ।

नेपाल सरकारलाई कहिल्यै लागेको थिएन कि मधेशमा यति ठूलो आन्दोलन हुनेछ । मधेश आन्दोलनका कारण धेरै मधेशी जनताहरू शहीद भए, धेरै ठूलो जनधनको क्षति भयो । यो अवस्था देखेर नेपाल सरकार मधेशी नेताहरूसँग वार्ता गर्न बाध्य भयो । आन्दोलनको अगुवाइ गरिरहेका मधेशी दलका नेताहरूले मुख्यतः ११ बुँदे मागहरू अगाडि सारे । मुख्य मागहरूमा स्वतन्त्र मधेश, एक प्रदेश, नेपाली सेना र प्रहरीमा मधेशी युवाहरूको तत्काल समायोजन, मृतकका परिवारलाई क्षतिपूर्ति, सरकारी जागिरमा मधेशी जनताको समायोजन, मधेशी जनतालाई नागरिकता दिनुपर्ने आदि विषय समावेश थिए ।

नेपाल सरकारले सम्झौता गर्‍यो र मधेशी जनताको मागहरू पूरा हुने आशा गरियो । त्यसको केही उपलब्धि पनि देखियो । उदाहरणका लागि, नेपाल सरकारले स्थान-स्थानमा नागरिकता वितरण टोली खटाएर मधेशी जनतालाई नागरिकता वितरण गर्‍यो । सरकारी जागिरमा मधेशी समुदायका लागि समायोजनको व्यवस्था गरियो । तर, अरू धेरै बुँदाहरू आजसम्म कार्यान्वयन भएनन् । किन भएनन् भन्ने कुरा धेरै मधेशी जनतालाई थाहा छैन ।

वि.सं. २०६४ को मधेश आन्दोलनसँगै मधेशमा मधेशी पार्टीहरूको संख्या बढ्न थाल्यो । आन्दोलनकै लहरमा उपेन्द्र यादवको नेतृत्वमा 'मधेशी जनअधिकार फोरम', नेपाली कांग्रेसमा राम्रो छवि बनाएका महन्थ ठाकुरको नेतृत्वमा 'तराई-मधेश लोकतान्त्रिक पार्टी', राजेन्द्र महतोको नेतृत्वमा 'सद्भावना पार्टी' र आनन्दी देवीको नेतृत्वको अर्को 'सद्भावना पार्टी' जनता माझ देखा परे । मधेशी जनताहरूले खुलेरै यी पार्टीहरू र नेताहरूलाई समर्थन गर्न थाले । जनताहरूलाई लाग्यो कि यी मधेशी पार्टीहरू साँच्चिकै मधेशी जनताको हकका लागि लडिरहेका छन् ।




त्यसपछि वि.सं. २०६४ मा संविधान सभाको पहिलो चुनाव भयो । त्यसमा माओवादी पार्टी पहिलो पार्टीका रूपमा अगाडि आयो । मधेशी जनताको ठूलो समर्थनका कारण मधेशी जनअधिकार फोरमले झन्डै ४८ सिट जित्दै नेपालको चौथो ठूलो पार्टी बन्न सफल भयो । मधेशका सबै पार्टीहरूले राम्रो सफलता प्राप्त गरे । ती सबै मधेशी पार्टीहरूको जम्मा गरेर हेर्दा, करिब ८४ जना प्रतिनिधिसभा सदस्य थिए ।कहिल्यै नसोचेका पदहरूमा मधेशी नेताहरू पुगे । नेपाली कांग्रेसको तर्फबाट र मधेशी पार्टीहरूको समर्थनबाट रामवरण यादव नेपालको पहिलो राष्ट्रपति बने । मधेशी फोरमबाट जितेका परमानन्द झा नेपालको पहिलो उपराष्ट्रपति बने । उपेन्द्र यादव परराष्ट्र मन्त्री पदमा पुगे । यी सबै कुरा मधेशी जनताका लागि एक सुखद उपलब्धि थिए ।

तर, मधेशी जनताहरूको लागि जुन ११ बुँदे सम्झौता नेपाल सरकारसँग गरिएको थियो, त्यो लागू भएन । त्यसको लागि मधेशी नेताहरूले जोडदार रूपमा आवाज किन उठाएनन् ? किन मधेशी नेताहरूले गरिब मधेशी जनताहरूको पीडा बिर्सिएर आफ्नो स्वार्थ पूरा गर्न मात्र मन्त्री पदको पछि लागे ? त्यो समयमा मधेशी नेताहरूको संसदमा राम्रो उपस्थिति थियो । यदि चाहेको भए, त्यहीबेला मधेशका सबै मागहरू पुरा हुनसक्थे । मानिसको व्यक्तिगत लोभलाई प्रयोग गरेर उसलाई कमजोर बनाउन सकिन्छ । यही अवसर देखेर एमाले, कांग्रेस र माओवादीले मधेशी पार्टीहरूलाई आफ्नो स्वार्थका लागि प्रयोग गरे ।

मधेशी नेताहरूले मधेशी जनताका लागि एक हुनुपर्नेमा, आफ्नो पद र स्वार्थका लागि एक अर्काप्रति आरोप-प्रत्यारोप लगाउन थाले । मन्त्री बन्ने लोभमा परेर पार्टीहरूलाई ऐनाको टुक्रा झैं स-साना भागमा विभाजन गर्दै गए । वि.सं. २०६९ अन्ततिर मधेशी जनताहरूलाई यो थाहा पाउन पनि गाह्रो भयो कि मधेशमा कति वटा पार्टी छन् र कुन पार्टीका अध्यक्ष को-को हुन् । ऐनाको साँचो आकार एउटै हुँदा मात्र त्यो राम्रो देखिन्छ, तर टुक्रा-टुक्रा हुँदा त्यसको अस्तित्व नै समाप्त हुन्छ । मधेशी पार्टीहरूको पनि यस्तै अवस्था भयो– न घरका रहे, न घाटका । न त नेपालमा नयाँ संविधान बन्यो, न त मधेशी जनताहरूले आफूले खोजेको अधिकार पाए । हाम्रो एउटा पुरानो उखान छ– एउटा माघले जाडो जाँदैन । ठिक त्यसैजस्तै भयो ।

वि.सं. २०७० सालमा फेरि संविधान सभाको चुनाव भयो । मधेशी पार्टीका अध्यक्षहरूले आफ्नै इज्जत जोगाउन सकेनन् । केही पार्टी अध्यक्षहरू चुनावमै पराजित भए । त्यस चुनावबाट नेपाली कांग्रेस पहिलो र माओवादी तेस्रो ठूलो पार्टी बन्यो । त्यसपछि मधेशी नेताहरू फेरि उठे– मधेशका लागि लड्न । नेपाल सरकारसँग भएको ११ बुँदे सम्झौता लागू गराउन माग गर्न थाले । तर, नेपाल सरकारले ती मागहरूको वास्ता नगरी वि.सं. २०७२ असोज ३ गते संविधान जारी गर्‍यो । नेपालको उत्तरी भागमा बस्ने पहाडी जनताहरूले नयाँ संविधानलाई स्वागत गर्दै दीपावली मनाए भने मधेशी जनताहरूले त्यस दिनलाई कालो दिनको रूपमा माने । किनभने नयाँ संविधानले मधेशी जनताहरूका हकअधिकारलाई सुरक्षा गरेको थिएन । मधेशका लागि लडिरहेका नेताहरू फेरि सडकमा उत्रिए । वि.सं. २०७२/२०७३ सालको आन्दोलन ऐतिहासिक बन्यो । मधेशी जनताहरू घर-घरबाट सडकमा निस्किए । लाठी जुलुस, मशाल जुलुस, नगरपालिका घेराउजस्ता आन्दोलनहरू व्यापक भए । नेपाल-भारत सीमा जोडिएका नाकाहरूमा धर्ना दिइयो, जसको परिणामस्वरूप नेपालमा नाकाबन्दी सुरु भयो । यस आन्दोलनमा ६९ मधेशी जनताहरू सहिद भए र सयभन्दा बढी घाइते भए । यो आन्दोलनले 'मधेश नेपालमा छ' भन्ने सन्देश विश्वभर पुर्‍यायो ।

केही मधेशी पार्टीहरू एक भए र सँगै आन्दोलन गरे । आन्दोलन गर्नेबाहेक मधेशी जनतासँग के नै विकल्प थियो र ? यद्यपि केही उपलब्धि भने प्राप्त भएन । तर, केही मधेशी पार्टीहरूले एकता गरे र आन्दोलनको फलस्वरूप प्रदेश २ मा केही गाउँपालिका र नगरपालिका थप भए । मधेश र मधेशीहरू अन्य प्रदेशहरूमा पनि छन्, तर उनीहरूले त्यो स्तरको उपलब्धि पाएनन् । २०७९ मा सम्पन्न तहको चुनावमा मधेशी जनताहरूले राजपा र फोरमलाई सम्मानका साथ जित दिलाएका छन् । अब यी दुवै पार्टीको कर्तव्य हो– मधेशी जनताहरूको माग पुरा गराउने, उनीहरूमाथि भइरहेको अन्याय अन्त्य गर्ने, र मधेशी जनतालाई समान सम्मान दिलाउने ।

## इतिहासमा आज

८ जुन १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा आयोजित पृथ्वी शिखर सम्मेलनसँगै पहिलो विश्व महासागर दिवस मनाइएको थियो ।




८ जुन २००१ मा जापानको ओसाका प्रान्तको एक प्राथमिक विद्यालयमा सामूहिक छुरा प्रहारमा ८ जनाको मृत्यु र १५ जना घाइते भएका थिए ।



८ जुन १९६८ मा मार्टिन लुथर किंग जूनियरको हत्या गर्ने व्यक्ति जेम्स अर्ल रेलाई लन्डन हीथ्रो विमानस्थलबाट पक्राउ गरिएको थियो ।



८ जुन २००७ मा अष्ट्रेलियाको न्यू साउथ वेल्सको न्यूक्यासलमा सबैभन्दा खराब आँधी र बाढी आएको थियो । जसमा परी ९ जनाको मृत्यु भएको थियो भने व्यापारिक जहाज, एमभी पाशा बुल्कर ग्राउन्डेड भएका थिए ।



# सहरी क्षेत्रको ट्राफिक व्यवस्थापन

**विचार**



● खगेन्द्र पौडेल

*विशेषगरी काठमाडौं उपत्यका, पोखरा, विराटनगर जस्ता शहर हरूमा सडक सञ्जाल पर्याप्त चौडा छैन । जहाँ सडक छ, त्यहाँ पनि फुटपाथ अभाव, पार्किङ्को अव्यवस्था वा निर्माण कार्यको लापरवाहीले गर्दा ट्राफिक अवरोध हुने गर्दछ...*

ट्राफिक व्यवस्थापन आजको समयमा एक गम्भीर चुनौती बनिसकेको छ, विशेषगरी ती शहरहरूमा जहाँ जनसंख्या तीव्र गतिमा वृद्धि भईरहेको छ र यातायातका साधनहरूको संख्या दिन प्रतिदिन बढिरहेको छ । ट्राफिक जाम, सवारी दुर्घटना, वायु प्रदूषण, समयको नोक्सानी जस्ता समस्या शहरी जनजीवनलाई प्रभावित पारिरहेका छन् । यस्तो अवस्थामा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउनु अनिवार्य छ, जसले मात्र शहरलाई सुरक्षित, सहज र दिगो विकासको मार्गमा लैजान सक्छ ।

सहरी ट्राफिक समस्याको मूल कारण मध्ये प्रमुख हो योजनाबिहीन सडक संरचना र सार्वजनिक यातायात प्रणालीको कमजोरी । धेरैजसो नेपाली शहरहरू, विशेषगरी काठमाडौं उपत्यका, पोखरा, विराटनगर जस्ता शहरहरूमा सडक सञ्जाल पर्याप्त चौडा छैन । जहाँ सडक छ, त्यहाँ पनि फुटपाथ अभाव, पार्किङको अव्यवस्था वा निर्माण कार्यको लापरवाहीले गर्दा ट्राफिक अवरोध हुने गर्दछ । अर्कोतर्फ, निजी सवारीसाधनप्रति बढ्दो आशक्ति र सार्वजनिक यातायातको असुविधाजनक स्थिति पनि ट्राफिक जामको कारक बनेको छ । यदि ट्राफिक व्यवस्थापन प्रभावकारी ढंगले गर्नुपर्छ भने, यसको समाधान बहुआयामिक र दीर्घकालीन हुनुपर्छ ।

सबैभन्दा पहिले शहरी यातायातको दीर्घकालीन योजना बनाउनु आवश्यक छ । शहर विस्तारसँगै भविष्यमा हुने सवारी साधनको वृद्धि र जनसंख्यालाई ध्यानमा राखेर सडकको चौडाइ, मार्गहरूको संयोजन, अन्तरजिल्ला र अन्तरशहर यातायात समन्वय जस्ता विषयमा योजना तयार पार्नुपर्छ । नयाँ सडक निर्माण गर्दा वा पुराना सडक विस्तार गर्दा मात्र होइन, ट्राफिक प्रवाहलाई सहज बनाउने हिसाबले 'वन वे' प्रणाली, घुम्ती (राउन्ड अबाउट), 'फ्लाइओभर' वा 'अन्डरपास' निर्माणको पनि व्यवस्था गरिनुपर्छ । ट्राफिक संकेत बत्तीहरूको उचित व्यवस्थापन, इलेक्टोनिक संकेतहरू र डिजिटल ट्राफिक नियमन प्रणालीको प्रयोग आजको आवश्यकता हो ।

दोस्रो महत्वपूर्ण पक्ष हो, सार्वजनिक यातायात प्रणालीको सुदृढीकरण । यदि मानिसहरूलाई निजी सवारीभन्दा छिटो, सुरक्षित र आरामदायी सार्वजनिक यातायात सुविधा उपलब्ध गराउन सकियो भने ट्राफिक दबाब स्वतः घट्न सक्छ । यसका लागि शहरहरूमा बस सेवा विस्तार, मेट्रो वा ट्राम सेवा (जहाँ सम्भव छ) जस्ता वैकल्पिक साधनहरूमा लगानी गर्नु आवश्यक छ । सार्वजनिक यातायातमा 'टाइम टेबल', टिकटिङ प्रणाली, महिलाहरूका लागि सुरक्षित सिट, निःशुल्क वा छुट सुविधा भएका वर्गहरूको व्यवस्था गरिएमा यसको प्रयोगकर्ता संख्या वृद्धि हुन्छ ।

तेस्रो पक्ष हो, ट्राफिक नियमको कडाइपूर्वक कार्यान्वयन । नेपालमा प्रायः ट्राफिक नियमको उल्लंघन सामान्यजस्तो भएको छ । बिना लाइसेन्स सवारी चलाउने, जथाभावी पार्किङ गर्ने, जेब्राक्रसिङमा पनि नरोकिने जस्ता प्रवृत्तिहरू आम छन् । ट्राफिक प्रहरीको संख्या तथा सीप बढाउनुका साथै सीसी क्यामेरा, ट्राफिक सर्भेलेन्स ड्रोन र अटोमेटेड प्रणालीको प्रयोगबाट नियम तोड्नेहरूलाई तुरुन्त कारबाही गर्न सकिन्छ । प्रविधिको सहायताले ट्राफिक नियम उल्लंघन गर्नेलाई सजिलै ट्र्याक गर्न सकिन्छ र जरिवाना प्रणाली पनि पारदर्शी बनाउन सकिन्छ ।

पार्किङ व्यवस्थापन पनि ट्राफिक व्यवस्थापनको महत्वपूर्ण पाटो हो । सहरी क्षेत्रमा सडक छेउको अव्यवस्थित पार्किङले ट्राफिकलाई अवरोध पुर्‍याउँछ । पार्किङका लागि निश्चित ठाउँहरूको व्यवस्था गर्नु, सार्वजनिक भवनहरू वा मलहरूलाई भूमिगत पार्किङ निर्माण गर्न बाध्य बनाउनु, र सवारी पार्किङको लागि शुल्क प्रणाली लागू गर्नु जरुरी छ । 'स्मार्ट पार्किङ' प्रणाली जसमा चालकले मोबाइल एपमार्फत नजिकको खाली पार्किङ स्पेस पहिचान गर्न सक्नेछन्, यस्ता उपायबाट पार्किङ समस्या न्यूनीकरण हुन सक्छ ।

पैदल यात्रुहरूको सुरक्षाका लागि पनि विशेष ध्यान दिनुपर्छ । फुटपाथको व्यवस्था, जेब्राक्रसिङ, पैदल आकाशे पुल, अपाङ्गमैत्री यातायात पूर्वाधार निर्माणले गर्दा शहर हिँड्न मिल्ने हुन्छ । यदि हिँड्न सहज बनाइयो भने छोटो दूरीको लागि सवारी प्रयोगको आवश्यकता कम हुनसक्छ, जसले ट्राफिकलाई घटाउँछ ।

अर्को महत्वपूर्ण पक्ष हो जनचेतना । ट्राफिक व्यवस्थापनको दीर्घकालीन सफलता नागरिकको सहभागिताबिना सम्भव छैन । स्कुल तहदेखि नै ट्राफिक शिक्षालाई पाठ्यक्रममा समावेश गर्नुपर्छ, रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमार्फत सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै, ट्राफिक प्रहरी र नगरपालिकाबीच समन्वय बढाई विभिन्न सचेतना अभियान तथा सामुदायिक सहभागितासहितका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

अन्त्यमा, ट्राफिक व्यवस्थापनलाई केवल प्रहरीले ट्राफिक चलाउने काम मात्र ठान्नुभन्दा पनि, यो शहरी योजना, पूर्वाधार विकास, प्रविधिको प्रयोग, जनचेतना र सार्वजनिक सेवाको सुधारसँग जोडिएको समग्र प्रक्रिया हो भन्ने बुझ्नु आवश्यक छ । सरकार, स्थानीय तह, निजी क्षेत्र तथा आम नागरिक सबैको सहकार्य र उत्तरदायित्वको भावना आवश्यक छ, ताकि शहर केवल हिँड्न वा गाडी चलाउन सहज मात्रै नभई बस्न योग्य, दिगो र मानवमैत्री बन्दै जाओस् ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

भ्रष्टाचारका काण्डैकाण्डको देशमा अर्को थपियो- पताञ्लजी जग्गा काण्ड । प्रधानमन्त्रीहरूलाई नीतिगत निर्णय भनेर उन्मुक्ति दिँदै आएकोमा पहिला पटक अख्तियारले माधवलाई मुछेको छ । यसले ललिता निवास र गिरीबन्धु टि-स्टेटको पनि बाटो खोल्छ । तर, अख्तियार कै विश्वसनीयता कति बाँकी छ ?



**राजेन्द्र दाहाल**

प्रायः सबै उपभोक्ताले नगद तिरेर नै दूध-दही किन्छन् । तर, डेरीलाई दूध आपूर्ति गर्ने किसानले पाउनुपर्ने रकम ५ अर्ब रुपैयाँ नाघेछ । उपभोक्ताले तिरेको रकम किसान कहाँ किन पुगिरहेको छैन अथवा के त्यो बक्यौता बराबरको दुग्ध पदार्थ डेरी व्यवसायीका गोदाममा मौज्दात छ ?



**भीमार्जुन आचार्य**

राजनीति र नेतृत्व यो स्तरसम्म झर्न सक्छ भन्ने सायद तपाइहरूले पनि कल्पना गरेको विषय थिएन होला । एमालेभित्र रहनु भएका तपाई असल र इमानदार कार्यकर्ताहरूले त ख्याल राख्नुस् । यो झोलेको तमासामा किन सहभागी हुनुहुन्छ ? जनताले त विवेकहीन, लठैत, पत्रु र लम्पटलाई पो झोलेको संज्ञा दिएका हुन् ।



**उत्तमबाबु श्रेष्ठ**

यो देशमा सुधार कसलाई पो चाहिएको छ र ? सबैलाई बेतिथिको व्याज खानु छ । शिक्षक, प्राध्यापक, व्यापारी, यातायात व्यवसायी, बैंकर, कर्मचारी, नेता सबै । त्रिविविको प्राध्यापक पदमा आन्तरिकलाई बढी सिट छुट्टाउनु पर्ने भन्ने घोर आपत्तिसहितको माग देखेपछि मनमा उठेको कुरा ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# जेठ ३० गतेदेखि दलित गोलमेच सम्मेलन हुने



**काठमाडौं /मस–**यही जेठ ३० गतेदेखि काठमाडौंमा दलित गोलमेच सम्मेलन हुने भएको छ ।

शनिबार काठमाडौंको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजन गरी अगामी जेठ ३०, ३१ र असार १ गतेसम्म काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा सम्मेलन गरिने राष्ट्रिय दलित गोलमेच सम्मेलन आयोजकले बताएका छन् ।

सम्मेलनका संयोजक डा.निर्मल विश्वकर्माले विश्व परिवेशमा गोलमेच सम्मेलनको अभ्यास भइसकेको सफल विधि भएपनि नेपालको लागि पहिलो हुने बताए । शदियौँदेखिको दलित समुदायमाथिको उत्पीडन र त्यसबाट मुक्तिको प्रयास वा संघर्ष अभियानको समीक्षा गर्दै संयोजक विश्वकर्माले राज्यसत्तामा पूर्ण रूपमा समानुपातिक प्रतिनिधित्व, राज्यका स्रोतहरूमा हिस्सेदारी र धर्म सुधारलगायतका मुख्य ३ वटा एजेण्डामा बहस हुने संयोजक विश्वकर्माले जानकारी दिए ।

सम्मेलनका सचिवालय सदस्य तथा प्रवक्ता राजेश मयाल विक अग्नी शिखाले देशका ७ प्रदेश र ७७ वटै जिल्लाहरूबाट सम्मेलनका लागि काठमाडौं आउने क्रम जारी रहेको बताए । उनले सम्मेलन दलित मुक्तिको लागि कोसेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

राष्ट्रिय दलित गोलमेच सम्मेलन मूल आयोजक समिति सचिवालय सदस्य राजेश नेपालीले सात दशक लामो दलित आन्दोलन र संविधान सभाबाट निर्मित २०७२ को संविधान कार्यान्वयनको १० वर्षीय समीक्षा गर्दै वैचारिक र नवीन आन्दोलनको आवश्यकता रहेको बताए ।

# मरिणले पायो उत्कृष्ट गाउँपालिका पुरस्कार



**सिन्धुली /मस–** सिन्धुलीको मरिण गाउँपालिका प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (पीएएन) उत्कृष्ट गाउँपालिका पुरस्कार २०८२ बाट सम्मानित भएको छ । पीएएनले प्रत्येक वर्ष प्रदान गर्ने 'वर्षको उत्कृष्ट गाउँपालिका पुरस्कार' अन्तर्गत यस वर्ष सिन्धुलीको मरिण गाउँपालिकालाई प्रदान गरिएको हो । पोखरामा आयोजित पीएएनको दोस्रो राष्ट्रिय सम्मेलनमा मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तान (प्रख्यात) लाई उत्कृष्ट गाउँपालिका पुरस्कार २०८२ प्रदान गरिएको हो । प्रिन्सिपल्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुदाम प्रसाद गौतमका अनुसार देशभरका गाउँपालिकाहरूको मूल्यांकनमा मरिण गाउँपालिका बागमती प्रदेशकै उत्कृष्ट गाउँपालिकाको रूपमा छनोट भएको थियो ।

प्राध्यापक डा. विद्यानाथ कोइरालाको अध्यक्षतामा गठित मूल्यांकन समितिले विभिन्न २५ वटा शैक्षिक मापदण्डका सूचकहरूका आधारमा गरेको मूल्यांकनमा मरिण गाउँपालिका बागमती प्रदेशकै उत्कृष्ट गाउँपालिकामा छनोट भएको थियो ।


## हार्दिक बधाई तथा शुभकामना

**नेपाल धितोपत्र बोर्ड**

३३ औं बर्षमा प्रवेश

आफ्नो कार्यकालको ३२ औं वर्ष पुरा गरी ३३ औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

जानकी फाइनान्स कम्पनी लि.
Janaki Finance Company Ltd.
जनकपुर धाम, नेपाल
Phone No.: 041-590586, 041-590587
Fax: 041-590588
E-mail: janakicompanyltd@gmail.com

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Address: Banepa-10, Kavrepalanchowk
Email: info@aarambhachautari.com, aarambhachautari@gmail.com
Contact: 011-664579
Website: www.aarambhachautari.com

मेरोमाइक्रोफाइनान्स
Battar, Bidur-4, Nuwakot, Telephone: +977 10 561746/561747
Email:corporate@meromicrofinance.com
Web: www.meromicrofinance.com
Contact Office: Sitapaila, Kathmandu, Telephone: 01-5315936/937

Reliable Life Insurance Ltd.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
A subsidiary company of Himalayan Bank Limited
केन्द्रीय कार्यालय
info@himalayanlaghubitta.com
www.himalayanlaghubitta.com

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
('D' Class Institution Licensed by Nepal Rastra Bank)
Corporate Office: Sitapaila Road- 4
Nagarjun Municipality, Ringroad, Kathmandu
Phone No: 977 01 5388650
Fax: 977 01 5388650 8021, Kathmandu
Email: info@deproscbank.com.np

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
Address: Katahri-1, Morang, Nepal, Contact: 9802798196, 977-021-442682
Email: info@jeevanbikasmf.com, Website: www.jeevanbikasmf.com

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

धौलागिरी लघुवित वितीय संस्था लिमिटेड
DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com

स्वावलम्बन लघुवित वितीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
KamalPokhari, Kathmandu, Nepal
Tel : +977-1-4534921, 4534922
E-mail : info@swbbl.com.np

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
Address: Sanga,Kavre, Nepal
Email: info@mlbsl.com.np mlbsl.nepal@gmail.com
Contact: 011-661329
Website: www.mlbsl.com.np

मातृभूमि लघुवित वितीय संस्था लिमिटेड
Matribhumi Laghubitta Bittya Sanstha Ltd.
Budhanilkantha-8, Kathmandu
Ph.: 01-4372274
Email: info@matribhumimf.com.np

श्रृजनशील लघुवित वितीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
Kathmandu-03, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal
Email: info@laxmilaghu.com.np
Ph: +977-1-4373682 +977-1-4370548

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit International Pvt Ltd
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
Head Office: Pokhara-25, Hamja, Milanchowk, Kaski
Ph.: 061-400427 / 400477, 400537 / 400538


# स्थानीय तहमा निर्माण भएका शिक्षा नीति तथा योजनाको समीक्षा

**सन्तोष पौडेल /मध्यान्ह**
बर्दिया, २४ जेठ



बर्दियाको मधुवनमा शिक्षा योजना, नीति समीक्षा र सिकाइ आदान-प्रदान कार्यशाला संचालन गरिएको छ । प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (वि-ग्रुप) को साझेदारीमा सञ्चालित बालविवाह न्यूनीकरण परियोजनाको सहयोगमा सहयोगमा शिक्षा विकास तथा समन्वय इकाइ बर्दियाले कार्यशालाको आयोजना गरेको हो ।

स्थानीय तहमा निर्माण भएको शिक्षा नीति तथा योजनाको समीक्षा गर्दै शिक्षा क्षेत्र विकास योजना, कायान्वयनको अवस्था बारेमा छलफल गर्ने, संघ, प्रदेश र स्थानीय तहमा भएका शिक्षा सम्बन्धी प्रयासहरूको लेखाजोख गर्ने र सफल अभ्यासहरू साझा गर्ने उद्देश्यका साथ कार्यशालाको आयोजना गरिएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख सूर्य बहादुर खत्रीले बताए ।

मधुवन नगरपालिका वडा नं. १ पथ्थरबोझीमा आयोजित कार्यशालामा शिक्षा सेवा आयोगका उपसचिव रामचन्द्र शर्माले शिक्षा योजना र नीतिको अवधारणा एवम् आवश्यकता तथा विद्यालय शिक्षा विधेयक २०८० सम्बन्धी उपसमितिको प्रतिवेदन उपर समूहकार्य, मस्तिष्क मन्थन, प्रश्नोत्तर छलफल र प्रस्तुतीकरण विधिबाट सहजीकरण गरेका थिए ।

कार्यशालामा मधुवन, वारबर्दिया, ठाकुरबाबा नगरपालिका र गेरुवा गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका तर्फबाट स्थानीय शिक्षा नीतिमा भएको व्यवस्था, कार्यान्वयनमा चुनौती र सुधार गर्नुपर्ने पक्षहरुका बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

कार्यशालामा चार वटै पालिकाका सामाजिक विकास समितिका संयोजक तथा सदस्य, शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख तथा प्रतिनिधि, परियोजना संचालन भएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो ।

# विकासको मोडल यसपटक देखाउनेछु : मन्त्री राणा



**सूर्यप्रसाद भुसाल /मध्यान्ह**
प्यूठान, २४ जेठ

लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानीमन्त्री रोज राणाले प्यूठानको बाग्दुला-बहाने क्षेत्रका स्थानीय नागरिकहरूसँग भेटघाट गरी आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा समेटिनुपर्ने विषयमा सुझाव संकलन गरेका छन्।

प्रदेश सरकारले बजेट ल्याउने अन्तिम तयारी गरिरहेका बेला मन्त्री राणाले सचिवालय, मातहतका कर्मचारी तथा नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्तासहित दम्तीदेखि अधैँरी खोलासम्म करिब ६ किलोमिटर पैदल यात्रा गरी सो ठाउँमा पुगेका थिए । सो क्रममा स्थानीय नागरिकहरूले मन्त्री राणालाई भव्य स्वागत गरेका थिए । सो क्रममा मन्त्री राणाले बाग्दुला-बहाने सडकखण्डमा पर्याप्त बजेट विनियोजन गरेर कालोपत्रे गर्ने प्रतिबद्धता जनाए । स्थानीयले आवत-जावतमा कठिनाइ भोग्नुपरेको गुनासो राखेपछि मन्त्रीले यसैपटकको बजेटमा सडकका लागि रकम छुट्याउने बताए ।

मन्त्री राणाले भने, 'यसैपटक पिच गर्ने भनेर म बाटो हेर्न आएको छु । दम्तीबाट कोलछापासम्म पुलको काम पनि अघि बढ्छ । काँडाबाङ र किटघाटका पुलहरू टेन्डर भइसकेका छन् ।'

निर्वाचनका बेला गरिएको प्रतिवद्धता पूरा गर्ने बेला आएको उल्लेख गर्दै मन्त्री राणाले अहिलेको कार्यकालमा प्यूठानको मुहार फेर्ने योजना रहेको बताए ।

बाग्दुला-बहाने सडकखण्ड प्यूठानको पुराना सडकहरूमध्ये एक हो, जसलाई अघिल्ला जनप्रतिनिधिहरूले बेवास्ता गरेको स्थानीयको गुनासो थियो ।

दम्ती-अधैँरी सडकखण्ड र अधैँरी-बहाने गाउँपालिका पहुँच मार्गका लागि पनि बजेट विनियोजन गरिने र निर्माण कम्पनीलाई काम सम्पन्न गर्न दबाब दिने मन्त्री राणाले बताए ।

पैदल यात्रामा प्यूठान नगरपालिकाका उपप्रमुख देवेन्द्र बर्मा, झिमरुक गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखेल, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख राजकिशोर मण्डल, नेपाल तरुण दल प्यूठान अध्यक्ष कृष्ण बस्याल 'रोयल' लगायतको उपस्थिति थियो ।

यसअघि मन्त्री राणाले बाग्दुला-मच्छी सडकखण्डमा पनि पैदल यात्रा गरी ३० करोडको बजेट विनियोजन गरिसकेका छन् । हाल सो सडकमा काम तीव्र रूपमा भइरहेको छ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोशी अस्पताल**
विराटनगर, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/२५)

यस अस्पतालको लागि आवश्यक तपशिल बमोजिमको बोलपत्र आव्हानको सूचना अनुसार तपशिल बमोजिमको बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदातालाई सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | स्विकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक रु.मू.अ.कर सहित |
|---|---|---|---|---|
| 1 | KH/NCB/M-10/2081-82 | Molecular PCR Lab Kits | श्री माधव इन्टरनेशनल कपिलवस्तु । | 10,49,996.00 |

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२५**

**फिलिक्स मेटल इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८२/०१/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिलिक्स इलेक्ट्रीक फैब्रिकेटर प्रा. लि. (प्रा.लि नं २८१३१८)** कायम गर्ने गरी मिति २०८२/०१/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०५/२३ मा दर्ता भएको **दर्ता नं. २२३८२१** को **श्री सोनिमा कन्ट्रक्सन** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



# Dodhara Chandani Municipality
# Office of the Municipal Executive

**Dodhara Chadani, Kanchanpur**

**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2082/02/25**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Municipal Office Infrastructure construction work, Ward 05 and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at www.bolpatra.gov.np .
3. Bidding documents may bid from **www.bolpatra.gov.np only .**
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before **12.00hr. noon** on **2082/03/24** .
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on **2082/03/24 and 14.00hr.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below**, which shall be **valid for 30 days** beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.
   **Account Name. Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT & PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 30/BCW/2081/082 | Municipal Office Infrastructure construction work, Ward 05 | 23,94,764.48 | 80,000.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**

# कतारमा यसरी भयो पल र अनमोलको मिलन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा (कतार), २४ जेठ

चकलेटी युवास्टारद्वय पल शाह र अनमोल केसीको कतारमा पहिलो पटक स्नेह मिलन भएको छ । कतारमा रामी प्रोडक्सन इन्टरनेशनसले शुक्रबार इदको अवसरमा ग्राण्ड मलको एमपी थिएटरमा आयोजना गरेको म्युजिकल हंगामा कार्यक्रममा प्रस्तुति दिन आएका कलाकारद्वयले एक आपसमा स्नेह मिलन गर्दै पहिलो पटक भलाकुसारी समेत गरेका हुन् ।

कार्यक्रममा अनमोल आफ्ना बाबा भुवन केसीसहित आएका हुन् । कार्यक्रममा भुवनले आफ्नी प्रेमिका जियासँग 'तिमी बिना मरिहाल्छु' भन्ने गीतमा छोटो प्रस्तुति दिए तर अनमोलले दर्शकलाई अभिनन्दन मात्र गरे सांगीतिक प्रस्तुति दिएनन् ।

यता पल शाहले नृत्याङगना नारायणी खत्रीसहित १२ जना कोरस र काजिस श्रेष्ठका साथमा करिब २१ मिनेट लामो प्रस्तुति दिइन् । पलले प्रस्तुति सके लगत्तै आयोजकसहित दर्शकलाई धन्यवाद समेत भने । उनी स्टेजबाट बिदा भएर वेटिङ रुममा जाँदै गर्दा स्टेजको छेवैमा आएर कुर्चीमा



बसेका भुवनले पलसँग हात मिलाउँदै 'वेलडन हिरो, यु डिड फ्यान्टास्टिक जब' भन्दै पललाई बधाईसमेत दिए । लगत्तै पल केही फ्यानहरूसँग फोटो खिच्न व्यस्त भएपछि मध्यान्हकर्मीले अनमोललाई तपाईं र पललाई साथमा राखेर फोटो खिच्न मिल्छ या मिल्दैन भनेर अनुरोधात्मक प्रश्न गरेपछि अनमोलले मिल्छ खिचौं भनेपछि मध्यान्हकर्मीले पललाई फोटो खिच्न अनुरोध गरे । मध्यान्हकर्मीले पहिला २ जना नायकको फोटो खिचे लगत्तै आफैले फोटो खिचाए । फोटो खिच्नु पूर्व नै अनमोलले पललाई हात मिलाउँदै 'एकदमै राम्रो गर्नु भो पलजी बधाई छ' भनेर प्रस्तुतिको प्रशंसा गरे । उनीहरूले आपसमा एक अर्काको तारिफ गर्दै केही बेर कुराकानी समेत गरे । उनीहरूको स्नेह मिलन नयाँ र नौलो जस्तो लाग्दैनथ्यो न त उनीहरूबीचमा कुनै प्रतिस्पर्धा या कुनै दुश्मनी नै छ भन्ने लाग्थ्यो ।

मध्यान्हकर्मीले पलसँग अनमोलसँग दुस्मनी छ कि प्रश्न गर्दा आफू अनमोलको शुभचिन्तक भएको र दुशमनी गर्नुपर्ने कारण नै नरहेको स्पष्ट पारिन् । पलले अनमोलसँगसँगै स्क्रिन शेयर नगरे पनी उनको काम आफूले हेरेको बताए । पल र अनमोल एकै फ्रेममा पहिलो पटक अटेका हुन । एकै फ्रेममा अटेका नायकद्वयले प्रस्तुतिका लागि स्टेज शेयर भने गरेनन् । अनमोलले पनि पलसँग कुनै तिक्तता नभएको स्पष्ट पारे ।

नेपाली, भोजपुरी र मैथिली भाषाका विभिन्न विद्याका ख्याति प्राप्त कलाकारले प्रस्तुति दिएको हंगामा कार्यक्रममा नायिका स्वस्तिमा खड्का, गायिका अस्मिता अधिकारी, मैथिली गायक सन्नु कुमार, भोजपुरी सुपरस्टार केसरी लाल यादव र अम्रपाली दुबे लगायतले प्रस्तुति दिएका थिए ।

## काठ बिक्री सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/०२/२५**

यस सामुदायिक वन उपभोक्ता समूहले नियमानुसार संकलन, ग्रेडिङ र घाटगद्दि गरि राखेको लट नम्बर १ को खयर जातको थान ८८२ को परिमाण ८४३.६१ क्युफिट काठ समूह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकाले इच्छुक व्यवसायिलाई प्रकाशित मितिले २१ दिन भित्र गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । थप जानकारी समूहको कार्यालयको सूचना पाटीमा हेर्नुहोला ।

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**
**रौतामाइ गापा-४ उदयपुर**

## भगवानपुर गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय

**भगवानपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिदिने सम्बनधमा

**प्रकाशित मिति : २०८२/०२/२५**

मिति २०८१/०१/१६ गतेको दिन कार्यालयबाट र मिति २०८१/०१/१७ गतेको दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना यस कार्यालयमा उल्लेखित ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र प्राविधिक प्रस्तावमा उतीर्ण भै सारभूत रुपमा प्रभावग्रही भई स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृतको लागी आशयको सूचना जारी गरिएकोले सो ठेक्का सम्बन्धि असन्तुष्ट भए सूचना जारी भएको मितिले ७ सात दिन भित्र पेश गर्नु हुन सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**ठेक्का नं.- BRM/NCB/WORK/06/2081/082**

**योजनाको नामः- Supply and installation of electrical transformers for irrigation**

| प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता | |
|---|---|
| १ | **Saswat Infrastructure P Ltd** Bharatpur-27 Chitwan Nepal |

**बोधार्थः**

| | |
|---|---|
| १ | **Prity Construction** Kalaiya 05 Bara Nepal |

**प्रमुख प्रशासकीय अधिकृत**

# Tikapur Municipality
# Office of the Municipal Executive

**Tikapur, Kailali**
**Sudurpaschim Provience, Nepal**

## Invitation for Sealed Quotation

**First Date of Publication: - 8th June 2025 (25rd Jestha 2082)**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/69/ WORKS/2081/082 | Upgrading of Road from Sitapur School to Gaushala road and Construction of Khopkendra at Tikapur Municipality Ward no-02, Kailali | 1,365,799.37 | 40,000.00 | 1,000.00 |
| 2. | TMO/SQ/70/ WORKS/2081/082 | Construction of Drain at Sano Jhunga, Tikapur Municipality Ward no-09, Kailali | 1,278,414.32 | 38,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **23th June 2025 before 12:00 hrs**. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-**Name of Bank** **:- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office** **: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.** **:- 10703000001001000001**
   **Revenue Heading No** **:- 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank** **:- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office** **: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali.**
   **Office Account No.** **:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 90 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 23th June 2025** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

## Mauritius मा रोजगार

**कम्पनी : COLORADO LIMITED**
**पूर्व स्वीकृत मिति: २०८२/०२/२२**
**चलानी नं.: ६०२३४९२२८**
**शहर: MAURITIUS,PORT LOUIS**
**LT. No. 325191**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 20700 | ६२,३०७ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | ३ वर्ष |
| 2. | Barman | 2 | 0 | | 20390 | ६१,३७३ | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 4. | Cashier | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 5. | Chef | 4 | 0 | | 21800 | ६५,६१८ | | | | | | | |
| 6. | Coffee Maker Barista | 2 | 0 | | 20390 | ६१,३७३ | | | | | | | |
| 7. | Cook | 11 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 8. | Electrician | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 9. | Entertainer | 1 | 0 | | 22150 | ६६,६७१ | | | | | | | |
| 10. | Executive Housekeeper | 1 | 0 | | 22650 | ६८,१७६ | | | | | | | |
| 11. | False Ceiling Worker | 1 | 0 | | 19500 | ५८,६९५ | | | | | | | |
| 12. | Gardener | 5 | 0 | | 18750 | ५६,४३७ | | | | | | | |
| 13. | Head Waiter | 2 | 0 | | 20390 | ६१,३७३ | | | | | | | |
| 14. | Interpreter | 2 | 0 | | 22150 | ६६,६७१ | | | | | | | |
| 15. | Masons | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 16. | Painter | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 17. | Panel Beater | 3 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 18. | Pastry Chef | 4 | 0 | | 21800 | ६५,६१८ | | | | | | | |
| 19. | Pastry Cook | 4 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 20. | Plumber | 3 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 21. | Porter | 2 | 0 | | 19100 | ५७,४९१ | | | | | | | |
| 22. | Spa Therapist-female | 0 | 5 | | 19985 | ६०,१५४ | | | | | | | |
| 23. | Steward | 5 | 0 | | 18550 | ५५,८३५ | | | | | | | |
| 24. | Technician Regrigeration And Air Co | 4 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |
| 25. | Valet | 6 | 0 | | 18750 | ५६,४३७ | | | | | | | |
| 26. | Waiters | 6 | 0 | | 18725 | ५६,३६२ | | | | | | | |
| 27. | Welders | 2 | 0 | | 20700 | ६२,३०७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असार १ गते (15 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८

**Liberty H.R. Consultant Pvt. Ltd.**
Baghdol-4, Lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८२/०२/२५**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय ठहिटी, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०७/२९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सुचना, मिति वि.सं. २०८२/०१/१५ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८२/०२/०५ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, रंगेली, मोरङ्गमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा र चालु पुँजी कर्जा**

| ऋणीको नाम र ठेगाना | फर्मको प्रोप्राइटरको नाम र ठेगाना |
|---|---|
| **ऋणीको नाम : अग्रवाल ट्रेडिङ कन्सर्न**<br>रजिष्टर्ड ठेगाना: का.म.न.पा वडा न ३०, ज्ञानेश्वर, काठमाण्डौ<br>रजिष्ट्रेसन नं. : १३९९४४/०७४/७५ (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, फर्म तथा अभिलेख व्यवस्थापन शाखा)<br>पान नं. : ६०७४९६०८० | **नाम : विकास कुमार अग्रवाल**<br>बाबु : श्याम लाल अग्रवाल<br>बाजे : नौरंग राय अग्रवाल<br>ठेगाना : रंगेली गा.वि.स. वडा नं. १, मोरंग<br>हाल : काठमाडौं म.न.पा. वडा नं. १, काठमाडौं<br>ना.प्र.नं. : १२९५०<br>जारी मिति : २०५१/०३/०२<br>जि.प्र.का. : मोरंग |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| **१. नाम : मीना अग्रवाल**<br>बाबु : बुद्धराम गुप्ता<br>पति : विकास कुमार अग्रवाल<br>ससुरा : श्याम लाल अग्रवाल<br>ठेगाना : वेस्ट बंगाल राज्य, कोलकाता जिल्ला, भारत<br>हाल : काठमाडौं म.न.पा. वडा नं. १, काठमाडौं<br>पासपोर्ट. नं.: N4386341<br>जारी मिति : ई.स. २७/१०/२०१५<br>जारी गरेको स्थान : काठमाडौं | **२. नाम : विवेक कुमार अग्रवाल**<br>बाबु : ब्रिज मोहन अग्रवाल<br>बाजे : गिरिधारी लाल अग्रवाल<br>ठेगाना : उत्तरप्रदेश राज्य, मिरुत जिल्ला, भारत<br>हाल : काठमाडौं म.न.पा. वडा नं. १, काठमाडौं<br>पासपोर्ट. नं. : Z3085187<br>जारी मिति : ई.स. ३१/१२/२०१४<br>जारी गरेको स्थान : काठमाडौं |

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम : विकास कुमार अग्रवाल**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| मोरंग | रंगेली | ४ | ७५२ | ३०४८ ब. मि. | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय ठहिटी, काठमाडौं वा शाखा कार्यालय रंगेली, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०३/०२, सोमबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, रंगेली, मोरङ्ग ।**

